लेखापरीक्षण प्रतिवेदन

मंगलसेन नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मंगलसेन नगरपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/527

श्रीमान् नगर प्रमुखज्यू,
मंगलसेन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, अछाम।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/527

श्रीमान् नगरप्रमुखज्यू ,

मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

अछाम।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब ४७ करोड १ लाख ३७ हजारको लेखापरीक्षणबाट रू.२ करोड २४ लाख ७६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.२० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.८ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ४७ लाख ८६ हजार र पेश्की बाँकी रू ३ लाख २९ हजार गरी जम्मा रू.२ करोड २४ लाख ५६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१० करोड ६५ लाख ६३ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.४५ लाख २ हजार घटाइ बाँकी बेरुजुमा यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.१२ करोड ४५ लाख १७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको

मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४७	१२२	२,२४,७५,९०९	०	६	१९,५५०	०	४७	११६	२,२४,५६,३५९	८,६८,००६	१,४७,८६,२८५	६४,७३,०६८	०	०	२,१२,५९,३५३	३,२९,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	१०,६५,६३,२९८	०	४५,०२,१७१	१०,२०,६१,१२७	०	२,२४,५६,३५९	१२,४५,१७,४८६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३३	वडा समितिको बैठक भत्ता	१०,२००
२	२०८१/८२	३७	मूल्यांकन समितिको बैठक	५,१००
३	२०८१/८२	४३	अनुगमन भत्ता	४,२५०
जम्मा				**१९,५५०**
गत वर्ष सम्मको सम्परीक्षण				
१	२०८०/८१	३०	स्थानीय भत्ता	२४,५२०
२	२०८०/८१	४१	लगत कट्टा	१५,१८७

३	२०८०/८१	२९	पदाधिकारी सुविधा	७२,०००
४	२०८०/८१	२७	खाद्यान्न	६७,११५
५	२०८०/८१	25.७	आन्तरिक लेखापरीक्षणबाट कायम बेरूजु	२,२५०
६	२०८०/८१	२६	अतिथि सत्कार	३३,२९५
७	२०७८/७९	३३	कार्यसम्पन्न पेश नभएको	४२,८७,८०४
जम्मा				**४५,०२,१७१**
कुल जम्मा				**४५,२१,७२१**

मंगलसेन नगरपालिका, अछाम

(८०७७२४०३३००)

मंगलसेन नगरपालिका , अछाम

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१२ देखि २०८२।५।१४ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानी समेत रु.१ अर्ब ४७ करोड १ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१२५९५६।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	बिवरण	रकम रु.
१	पारिश्रमिक कर दाखिला	२४२४
२	अग्रिम कर दाखिला	३२२५
३	प्रतिवेदन लेखनको बढी भुक्तानी	१७००
४	वडागत राजस्व आम्दानी दाखिला	१३२०१
५	विभिन्न कर दाखिला	१७४०४
६	विल भरपाई भन्दा बढी भुक्तानी	३४००
७	सामाजिक सुरक्षा भत्ता असूली	४८०००
८	कृषितर्फ लागत साझेदारी नपुग	५३७७
९	मेलमिलाप तालिमको पारिश्रमिक कर कट्टी	३१२२५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत विवरण तपशिल बमोजिम रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७० अनुसूचीमा संलग्न रहेको छ ।

	एकीकृत आय व्यय विवरण				
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		४४४३१६७२.७५	चालु खर्च		४०९३८३२८२.५१
१.संचित कोष	३०४००६०७.६२		१. पालिका तर्फ	१४१६४४४६६.८६	
२.धरौटी	५४१८२८२.५७		२. संघीय सशर्त	२६७७३८८१५.६५	
३.विविध खर्च खाता	४४२४८६.३६		३. संघीय विशेष	०	
४. प्रकोप व्यवस्थापन कोष खाता	८१४२१५		४. प्रदेश सशर्त	०	
5.विविध कोष खाता	७३५६०८१.२		५. प्रदेश विशेष	०	
यस वर्षको आय			पुँजीगत खर्च		११८४६८१०७.३७
१.आन्तरिक आय	१३१९४४९६.७३	१३१९४४९६.७३	१. पालिका तर्फ	८६७४९०१८.९९	
२. वित्तीय हस्तान्तरण (संघ)		५३१०७६०४६.८५	२. संघीय सशर्त	९९९९९९.६४	
क) समानीकरण अनुदान	९७०८२०८०		३. संघीय विशेष	०	
ख) राजस्व बाँडफाँट	११०९६१४६१.७७		४. संघीय समपुरक	९१२३२११.०४	
ग) सशर्त अनुदान	३१३३८८०००		५. प्रदेश सशर्त	९६८५४८६.१	
घ) समपुरक अनुदान	९४५६५००		६. प्रदेश विशेष	२९१०३९१.६	
ङ) विशेष अनुदान	०		७. प्रदेश समपुरक	०	
च) रोयल्टी	१८८००५.०८		अन्तर सरकारी अख्तियारी (संघ)		१५१९९८५७३
छ) अन्य	०		क. सामाजिक सुरक्षा संरक्षण	१५०९६७८५३	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३१४४०२४१.३५	ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	०	
क) समानीकरण अनुदान	९४३००००		ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४३००००	
ख) राजस्व बाँडफाँट	६४७५२००.३५		घ. विद्यालय शिक्षा क्षेत्र योजना - (केन्द्र स्तर)	०	
ग) सशर्त अनुदान	१२५५००००		ङ. घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	६००७२०	
घ) समपुरक अनुदान	०		अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०

ङ) विशेष अनुदान	२९८५०४१		ऋण फिर्ता(साँवा)	०	०
च) रोयल्टी	०		ऋणको ब्याज भुक्तानी	०	०
छ) अन्य	०		धरौटी फिर्ता तथा सदर स्याहा	२१०९९०८.१४	२१०९९०८.१४
४. अन्तर सरकारी अख्तियारी (संघ)		१५१९९८५७३	कार्यसञ्चालन कोषबाट भएको खर्च		८८६२०७४.५८
क. सामाजिक सुरक्षा संरक्षण	१५०९६७८५३		क. सेफ हाउस अनुदान प्राप्त	१३०८३०२	
ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	०		ख. सडक बोर्ड(विविध खर्च खाता)	५६५८१४९	
ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४३००००		ग. मानसिक परामर्स केन्द्रबाट प्राप्त	१८६६६१९	
घ. विद्यालय शिक्षा क्षेत्र योजना - (केन्द्र स्तर)	०		घ. सूचना प्रविधि अधिकृत पारिश्रमिक	२९००४.५८	
ङ. घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	६००७२०		ङ. लैङ्गिक हिंसा निवारणकोष	०	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		अन्य कोषबाट भएको खर्च	०	०
६. ऋण/ वित्तीय व्यवस्था	०		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०
७. धरौटी आय	२८२५८३५.७७	२८२५८३५.७७	अन्य सहयोगमा सञ्चालित योजना	०	०
८. कार्यसञ्चालन कोष आय		९८५८३३१.०१	अन्य खर्च भएमा	०	०
क. सेफ हाउस अनुदान प्राप्त	१३०८३०२		अनुदान फिर्ता		
ख. सडक बोर्ड(विविध खर्च खाता)	६१२३८२९		१. संघ तर्फ		३५९८२४७३.६७
ग. मानसिक परामर्स केन्द्रबाट प्राप्त	१८८९७००.०१		क) सशर्त अनुदान	३५६४९१८४.७१	
घ. सूचना प्रविधि अधिकृत पारिश्रमिक	४३६५००		ख) विशेष अनुदान	०	
ङ. लैङ्गिक हिंसा निवारणकोष	१०००००		ग) समपुरक अनुदान	३३३२८८.९६	
९. अन्य कोषको आय	०	0	२. प्रदेश तर्फ		२९३९१६३.३
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	0	क) सशर्त अनुदान	२८६४५१३.९	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	0	ख) विशेष अनुदान	७४६४९.४	

१२. अन्य आय भएमा	०	0	ग) समपुरक अनुदान	०	
			अन्तिम मौज्दात		५५०८१६१४.८९
			क. संचीत कोष खाता	३९३२९३६५.८	
			ख. प्रकोप व्यवस्थापनको खाता	८१४२१५	
			ग. धरौटी खाता	६१३४२१०.२	
			घ. विविध कोष खाता	७३५६०८१.२	
			ङ. विविध खर्च खाता	१४४७७४२.६९	
जम्मा	**७८४८२५११९७.४६**	**७८४८२५११९७.४६**	**जम्मा**	**७८४८२५११९७.४६**	**७८४८२५११९७.४६**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **जिम्मेवारी फरक**

म.ले.प.फा.नं. २७० बमोजिम गत वर्षको बैंक मौज्दात रु. ४,७१,४९,५८८.४२ जिम्मेवारी सारेको देखिएकोमा एकीकृत वित्तीय विवरणमा रु. ४,४४,३१,६७२.७५ जिम्मेवारी सारेको देखियो ।जस अनुसार म.ले.प.फा.नं. २७० भन्दा एकीकृत वित्तीय विवरणमा रु. २७,१७,९१६।०० ले घटी जिम्मेवारी सारेको छ ।त्यसै गरी आ.व. २०८१।८२ को अन्तिम बैंक मौज्दात म.ले.प.फा.नं. २७० अनुसार रु. ५,५०,७२,७१४।० रहेकोमा एकीकृत वित्तीय विवरणमा रु. ५,५०,८१,६१४।०० अन्तिम बैंक मौज्दात रही म.ले.प.फा.नं. २७० भन्दा रु. ८९००।०० बढी जिम्मेवारी सारेको देखियो ।एकीकृत वित्तीय विवरण बमोजिम नै सुत्र प्रणालीको गत वर्षको जिम्मेवारी तथा चालु आ.व.को अन्तिम बैंक मौज्दात भिडान हुनुपर्नेमा सो भन्दा घटी/बढी देखिएकोले सुत्र प्रणालीमा बैंक मौज्दात फरक परेको रकमको हिसाब मिलान हुनु पर्दछ।

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. १५०९६७८५३, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु. ४३०००० र घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्रतर्फ रु. ६,००,७२० समेत रु. १,५१,९९,८५७३ को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन।

५ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई खर्च गरेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगरउपप्रमुख श्री संगिता कुमारी रावलले मिति २०८१।०३।०९ गते रु ६४ करोड ११ लाख ७० हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ खर्च विश्लेषण

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु. १३१९४४९६.७३ राजस्व बाँडफाँड र अनुदानबाट रु ५६२५१६२८८.३ समेत रु. ५७५७१०७८५.०३ आम्दानी भएकोमा चालुतर्फ रु. ४०९३८३२८२.५१ र पूँजीगत तर्फ रु. ११८४६८१०७.३७ समेत रु. ५२७८५१३८९.८८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १३०३४५०० खर्च भएको छ जुन आन्तरिक आयको ९८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.१० प्रतिशत चालु र २०.५७ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२,५५,२४,०००	१,३४,०२,६२५	२.५३
२	पूर्वाधार विकास	९,७७,०७,५००	७,८५,३०,०६४	१४.८
३	सामाजिक विकास	३४,८५,१७,५००	३०,१८,७८,६३२	५७.१९
४	बातावरण तथा विकास	३१,०५,०००	२९,४६,९९९	०.५५
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३३,६४,०००	२१,९४,६३८	०.४२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१६,२९,५२,६०८	१२,८८,९८,४३३	२४.४१
	जम्मा	६४,११,७०,६०८	५२,७८,५१,३९०	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७.१९ प्रतिशत खर्च भएको छ भने आर्थिक विकास मा २.५३ प्रतिशत तथा पूर्वाधार विकासमा १४.८ प्रतिशत खर्च भएको छ ।आर्थिक तथा पूर्वाधार विकासमा बजेट खर्च वृद्धि गर्नुपर्ने देखिन्छ ।

९ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
	पूँजिगत खर्चतर्फ	११८४६८१०७	८४९५१२६	१७४७२५५०	३१३३७०१३	६११६३४१८	४७२४६५५१
	प्रतिशत		७.१७	१४.७४	२६.४५	५१.६२	३९.८८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११८४६८१०७.निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८४९५१२५.९८ (७.२५ प्रतिशत),दोस्रो त्रैमासिकमा रु. १७४७२५५०.२९ (१४.७४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ३१३३७०१२.९९ (२६.४५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६११६३४१८.११ (५१.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४७२४६५५१.४६ (३९.८८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१० योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या
१	रु.१ लाखभन्दा कमको योजना	२७
२	रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना	१३५
३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	२६
४	रु.१0 लाख एकदेखि ५० लाख सम्मका योजना	८

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख घटी देखि ५० लाख सम्मका जम्मा १९६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २७. वटा योजनाहरु रहेका छन् ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

११ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी १०४ स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना पदपूर्ती भई ५४ जना रिक्त भएको देखिन्छ । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ।

१२ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहको भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।पालिकाले आवश्यकताका आधारमा दरन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१४	१४	७	७

१३ धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले एक वर्षसम्म धरौटी फिर्ता लिन नआएको खण्डमा सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको निर्माण तथा सप्लायर्स तर्फका फर्महरुको धरौटी फिर्ता गरी आषाढ मसान्तमा धरौटी खातामा रु.६१३४२१०।२ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुर्‍याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न ध्यान दिनु पर्दछ।

१४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न होटेल तथा रेष्टुरेन्टका बिल संलग्न गरी खाना खाजा र अतिथि सत्कारमा शीर्षकमा रु १० लाख खर्च लेखेको छ । यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। पालिकाले यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५ भ्रमण तथा अनुगमन

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा

कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १२ लाख ६२ हजार खर्च लेखेको छ ।पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था बमोजिम भ्रमण आदेश तथा बिलसँगै भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि संलग्न गर्नुपर्ने नियमको आंशिक रुपमा मात्र पालना गरेको छ । नियममा भएको व्यवस्था बमोजिमको अभिलेख व्यवस्थित गरी खर्च लेख्नुपर्दछ ।

१६ आर्थिक सहायता

अर्थ मन्त्रालयको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण चालुको श्रेस्ता परीक्षण गर्दा ५४ जनालाई विभिन्न भौचरबाट रु. ७०००००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ट भइ पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनुपर्दछ ।

१७ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११३ बमोजिम पेश्की भुक्तानी र फछ्यौंट सम्बन्धी व्यवस्था अन्तर्गत आपूर्तिकर्ता, सेवाप्रदायक वा निर्माणव्यवसायीलाई दिएको पेश्की रकम खरिद सम्झौता अनुसार फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार म्याद ननाघेको रु. १८,३४,००० र म्याद नाघेको रु. ३,२९,००० पेस्की बाँकी देखिएको छ । उक्त पेस्की नियमानुसार फछ्यौंट गर्नुपर्ने रु.

गो. भौ. न.	पेस्की लिएको मिति	पेश्कीको विवरण	पेस्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेस्की	
				म्याद ननाघेको	म्याद नाघेको
६२	२०८१।०७।२०	अन्य कार्यालय सञ्चालन खर्च	जितमान बोहोरा		५००००
१०४	२०८१।०९।०८	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	हेभी सवारी चालक जगत बहादुर बोगटी		२५०००
३१४	२०८२।०३।२४	सामूदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण	सहायक पाँचौ दिपक बहादुर भण्डारी		५००००
३९	२०८२।०३।२५	नगरपालिका केन्द्र जोड्ने कालोपत्रे सडक क्रमागत	हेभी सवारी चालक जगत बहादुर बोगटी		८००००
८६४	२०८२।०३।२५	कर्मचारी तालिम खर्च	सहायक चौथो दिपक खड्का		९९०००
२	२०८१।०४।०१	डाँडीगाउँ सिमसल्ली सडक	नन्दामाता निर्माण सेवा	२७९०००	
२	२०८१।०४।०१	अन्य सार्वजनिक निर्माण	वंशिका निर्माण सेवा	१००००००	
७	२०८१।०४।०१	विद्यालय कक्षाकोठा निर्माण अनुदान	षोडसादेवी मा वि मंगलसेन अछाम	४८००००	
२५	२०८१।०४।०१	आकस्मिक रुपमा आउने योजनाहरु	अछाम जिल्ला खेलकुद विकास समिति	५००००	
६०	२०८१।०४।०१	नगर स्तरीय मेला व्यवस्थापन कार्यक्रम	शिव मन्दिर मेला समिति	२५०००	
३७२	२०८२।०१।२८	सेवा र परामर्श र अन्य अनुसन्धान सम्बन्धी खर्च	मुक्तिनाथ बोहोरा		२५०००
जम्मा				१८३४०००	३२९०००
				पेश्की	३,२९,०००

१८ **आय अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले नगदी रसिद छपाई वडाबाट राजस्व असुली गर्ने गरेको नगदी तथा पालिकाले प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनुपर्दछ ।

१९ आयको क्षेत्र पहिचान

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याउनु पर्दछ ।

२० आन्तरिक राजस्व प्रक्षेपण तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०८०।८१ र २०८१।८२ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ।

क.स	राजश्वशिर्षक विवरण	आ.व.२०८०/८१		आ.व.२०८१/ ८२	
		प्रक्षेपण	असुली	प्रक्षेपण	असुली
१	सम्पती कर	१६५००००	१३१८४७४	१३०००००	१२०९५३६
२	भुमिकर मालपोत		३५७६६०		६५८९३८.४०
३	बहालकर	७५००००	१३००५००	७५००००	१३१७३४४.३२
४	पुर्वाधार सेवाको उपभोगमा लाग्ने कर				१५००
५	व्यवसायले भुक्तानी गर्ने				१५००
६	कृषि तथा पशुपन्छी वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर				५००
७	अन्य कर				२८२०१
८	व्यापारिक निकायबाट प्राप्त लाभाशं				१०००
९	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	३५०००००	५१६९००	२४०००००	३८२४८७६.५
१०	विद्युत सेवा शुल्क				१५०
११	अन्य सेवा शुल्क तथा बिक्री				२१४१५०
१२	न्यायिक दस्तुर				२००
१३	परिक्षा शुल्क	५००००	४५०००	५५०००	२७०००
१४	यातायात क्षेत्रको आम्दानी				५००
१५	अन्य प्रशासनिक सेवा शुल्क				३२१००
१६	नक्सापास दस्तुर	५५०००	५००००	५५००००	६८०५८.२५
१७	सिफारिस दस्तुर	७०००००	१४३५०५०	७०००००	१०२१४४२
१८	व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	६५१५५०	४०००००	५१०६५०
१९	नाता प्रमाणित दस्तुर	४५०००	६०००	४५०००	४१२००
२०	अन्य दस्तुर	३२०००००	१५४२६३७	१९०००००	४८५२०३
२१	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१५०००००	७३७०००	९०००००	१२८८७८०
२२	विद्युतसम्बन्धी दस्तुर				३५०
२३	जलस्रोत सम्बन्धी अन्य दस्तुर				४३३५८१.७०
२४	अन्य क्षेत्रको आय				३१५००
२५	अन्य राजश्व				११९६२४.५६
२६	व्यबसाय कर				७३४०
२७	बेरुजु				१८३५४१६
जम्मा		१२३४५०००	७९९०७७१	९००००००	१३१६०६७१.७३

उपयुर्क्त तालिका अनुसार पालिकाले आ.व.२०८०।८१ मा रु.१ करोड २३ लाख ४५ हजार राजस्व प्रक्षेपण गरेकोमा ७९ लाख ९१ हजार अर्थात लक्ष्यको तुलनामा ६४.७३ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ भने आ.व.२०८१।८२ मा ९० लाख असुली गर्ने

प्रक्षेपण गरेकोमा १ करोड ३१ लाख ६० हजार अर्थात लक्ष्यको तुलनामा १४६ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ । यसरी प्रगति हासिल गर्नुमा वहाल कर लक्ष्य भन्दा १७५ प्रतिशत, सरकारी सम्पत्तिको वहालवाट प्राप्त आय लक्ष्य भन्दा १५९ प्रतिशत, सिफारिस दस्तुर लक्ष्य भन्दा १४६ प्रतिशत, व्यवसाय रजिस्ट्रेशन दस्तुर लक्ष्य भन्दा १४३ प्रतिशत बढी हासिल भएको र विभिन्न ११ शीर्षकमा लक्ष्य नतोकि राजस्व असूल भएको देखिन्छ । वेरुजु असुलीबाट समेत यस वर्ष १८ लाख ३५ हजार राजस्व प्राप्त भएकोले उक्त राजस्वलाई आन्तरिक राजस्व वृद्धिको भरपर्दो श्रोत मान्न सकिदैंन । नक्शा पास दस्तुरको प्रक्षेपण रु.५ लाख ५० हजार रहेकोमा ६८ हजार (१२.३७ प्रतिशत), अन्य दस्तुरको प्रक्षेपण रु.१९ लाख रहेकोमा ४ लाख ८५ हजार (२५.५ प्रतिशत) प्रगति हासिल गरी न्यून प्रगति हासिल गरेको देखिन्छ ।पालिकाको राजस्व परामर्श समितिले आन्तरिक राजस्व वृद्धि गर्न थप आयका श्रोत पहिचान गरी सबै शीर्षकको प्रक्षेपण गरी प्रक्षेपण अनुसार प्रगति हासिल गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।

२१ **ढिलो दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना भएको देखिएन।पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका तथा अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

सि. न.	राजस्व संकलन केन्द्र	यस वर्षको असुली रु.	पालिकामा दाखिलारु.	कैफियत
१	वडानं.१ कार्यालय	१००४००	१००४००	२०८१ चैत्र देखि 2082 असार सम्म १ पटक नगदी रसिद ठेलीबाट उठेको रकम दाखिला र बाँकी Online sutra बाट विभिन्न समयमा दाखिला ।
२	वडानं.२ कार्यालय	२३८००	२३८००	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
३	वडान.३ कार्यालय	१६४८७०	१६४८७०	२०८१ चैत्र देखि 2082 असार सम्म १ पटक नगदी रसिद ठेलीबाट उठेको रकम दाखिला र बाँकी Online sutra बाट विभिन्न समयमा दाखिला ।
४	वडानं.४ कार्यालय	१०८६५०	१०८६५०	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
५	वडानं.५ कार्यालय	२९१४८०	२९१४८०	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
६	वडा नं.६ कार्यालय	६१९४०	६१९४०	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
७	वडा नं.७ कार्यालय	५९६५१	५९६५१	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
८	वडा नं.८ कार्यालय	५५७५०	५५७५०	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
९	वडा नं.९ कार्यालय	११०९५७	११०९५७	२०८२ वैशाखर असारमा गरी दुई पटक नगदी रसिद ठेलीबाट उठेको रकम दाखिला बाँकी online sutra बाट
१०	वडा नं.१० कार्यालय	१००१५०	१००१५०	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
११	वडा नं.११ कार्यालय	९६२५०	९६२५०	२०८१ साउन देखि २०८२ असार सम्म नगद ठेलीबाट उठेको रकम विभिन्न समयमा Online sutra बाट बैंक दाखिला
१२	वडा नं.१२ कार्यालय	१५००५४	१५००५४	२०८२ वैशाख र असारमा दुई पटक नगदी रसिद ठेलीबाट उठको रकम दाखिला बाँकी online sutra बाट
१३	वडा नं.१३ कार्यालय	१३९८००	१३९८००	२०८२ असार सम्म एक पटक नगदी रसिद ठेलीबाट उठेको रकम दाखिला बाँकी online sutra बाट ।
१४	वडा नं.१४ कार्यालय	१४३०५०	१४३०५०	२०८२ जेठ सम्म एक पटक नगदी रसिद ठेलीबाट उठेको रकम दाखिला बाँकी online sutra बाट
15	पालिकाको कार्यालयबाट	११५५३८६९	११५५३८६९	२०८१ साउन देखि २०८२ असार सम्म विभिन्न समयमा Online sutra बाट वैङ्क दाखिला

२२ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र के कति सामुदायिक वन रहेका छन् सो सम्बन्धमा

सामुदायिक वनको व्यवस्थित अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

२३ स्थानीय सामाग्री उत्खनन् र विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका कैलाश खोला, बुढी गंगा, सेति नदि लगायतका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति रहेको देखिन्छ । यसवर्ष पालिकालाई स्थानीय जगत बहादुर बोगटीको निजि जग्गाबाट उत्खनन गरेको ढुङ्गाको रोयल्टी वापत ४५४७.९३ बर्गफिटको प्रदेश आर्थिक ऐन २०८१ अनुसार रु.४।– का दरले हुने रु.१८,१९१।७० मात्र प्राप्त भएको देखिन्छ।जिल्ला प्रहरी कार्यालय अछामले २०८२।३।३१ मा मंगलसेन नगरपालिका वडा नं.६ स्थित धुम्रलोचनी सामुदायिक वनबाट मंगलसेन नगरपालिका वडा नं.५ बस्ने निराजन ढुङ्गानाले जेसिवि, ट्रिपर, ट्र्याक्टर प्रयोग गरी ढुँगा, गिट्टी, बालुवा तथा माटो उत्खनन् गरेको अवस्थामा फेलापरी नियन्त्रमा लिएर पालिकालाई आवस्यक कारवाहिका लागि पठाएको देखिएकोले पनि पालिका भित्र ढुँगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको अनाधिकृत रुपमा उत्खनन् तथा चोरी निकासी हुने गरेको देखिन्छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा, माटो लगायतका प्राकृतिक स्रोतहरुको पहिचान एवम् वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराई त्यस्ता वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४ आन्तरिक आय संकलन ठेक्का

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर, सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन ।

२५ व्यवसाय कर

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ । उक्त ऐनको अनुसुचि–४ मा मदिरा, चुरोट तथा सुर्ती, ज्वलरी पसल, औषधी पसल ,स्टेशनरी पसल, इलोक्ट्रोनिक्स, मासु/फ्रेस हाउस, दुध तथा दुग्ध जन्य पसल, खाद्यान्न तथा किराना, पेट्रोल पम्प, विभिन्न बैंक तथा वित्तिय संस्था, होटल व्यवसवय लगायत विभिन्न ४१ शीर्षक अन्तर्गत विभिन्न प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ । पालिकाले यो वर्ष व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय करबाट रु.१२,९६,१२०।०० मात्र संकलन गरेको विवरण पेश भएको छ । पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरुबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्न ध्यान दिनुपर्दछ ।

२६ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व.२०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

१. दिगो बिकासका लक्ष्य हाँसिल गर्नेगरी सवै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम विच अन्तर आवद्धता कायम गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

२. वाढी तथा पहिरोबाट जोखिम युक्त वस्ती, सार्वजनिक संस्था तथा खेति योग्य जमिन संरक्षण गर्न संघीय र प्रदेश सरकार संग समन्वय गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

३. "एक वडा एक विशेष उत्पादन कार्यक्रम" लाई प्राथमिकता दिदै संघीय र प्रदेश सरकारसंगको समन्वयमा स्थानीय उत्पादन उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम संचालन गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

४. "सामुदायीक वन, फलाउनेछ धन" अभियान अन्तर्गत सामुदायिक, निजि, सार्वजनीक, कवुलियती वनको अभिलेखिकरण, नियमन, वृक्षारोपण, नर्सरी स्थापना, टिमुर, रिठा, सजिवन, बकाईनो जस्ता जडिबुटी जन्य उत्पादनलाई प्रोत्साहन गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

५. सार्वजनिक जग्गा नदि किनार, सडक छेउछाउ लगायत अन्य नाङ्गो क्षेत्रमा "हरित सिप, हरित रोजगारी, हरित मानसिकता" अभियान संचालन कार्यलाई निरन्तरता दिईनेछ भनिएकोमा कार्यान्वयन नभएको।

६. स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन गर्न गरीवसँग विश्वेश्वर कार्यक्रम र लद्यु उद्यम कार्यक्रम सँग साझेदारी गरी एक कोशेली घर स्थापना गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

७. सहकारी तथा सामुदायिक संस्थाको अनुगमन र नियमन, संस्थागत सु-शासन, एकीकरण, बचत तथा लगानिको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाईनेछ । साथै सहकारी क्षेत्रको पूर्ण संरचना सहित बचत तथा ऋण सहकारीलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्दित हुन प्रेरित गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदीजन्य एंव खानीजन्य ढुंङ्गा, गिट्टी, बालुवाजस्ता वस्तुहरुको अनियन्त्रित दोहन रोक्न, जथाभावी उत्खननबाट नदी, खोला किनारका भौतिक संरचना तथा मानवबस्तीमा परेको जोखिम न्यूनीकरण, उक्त पदार्थको दिगो, नियमित र सहज आपूर्ति सुनिश्चित गर्न नीतिगत तथा कानूनी व्यवस्था गरीनेछ भनिएकोमा कार्यान्वयन नभएको।

२७ आइसिटी प्रयोगशाला अनुदान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तहमा आइसिटी प्रयोगशाला अनुदान शीर्षकमा देहायका ७ विद्यालयलाई आइसिटी प्रयोगशाला सामग्री खरिदका लागि रु १००००० का दरले अनुदान दिएकोमा उक्त सामग्री खरिद गरेको बिल भरपाइ पेश नगरेकोले अनुदान रकमको सदुपयोग भए नभएको एकिन गर्न सकिएन ।तसर्थ आइसिटी सामग्री खरिद गरेको बिल भरपाइ तथा जिन्सी दाखिला सहितको प्रमाण पेश गर्नुपर्ने रु.

सि नं	विद्यालय/क्याम्पसको नाम	निकासा रकम
१	देवल आ वि वडा नं ५	१०००००
२	ज्ञानदिप आ वि वडा नं ३	१०००००
३	मालिका आ वि वडा नं	१०००००
४	खम्म आ वि वडा नं २	१०००००
५	कोकिला आ वि वडा नं १२	१०००००
६	जाल्पा आ वि वडा नं ८	१०००००
७	बालविकास आ वि वडा नं १४	१०००००
	जम्मा	**७०००००**

प्रमाण पेश नगरेको	७,००,०००

२८ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष पूँजिगत शीर्षकमा रु. ७८ लाख ८५ हजार र चालु शीर्षकमा रु. ८६ लाख २५ हजार समेत रु. १ करोड ६५ लाख १० हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु. ६४ करोड ११ लाख ७० हजारको तुलनामा २.५८ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्चगर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२९ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम विक्री गर्नुपर्ने सम्पत्ती तथा जिन्सी मालसामानको हकमा नियम १०३ बमोजिम नियमित गर्ने र मर्मत संभार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत संभार गरिसक्नु पर्ने उल्लेख छ ।यस मंङ्गलसेन नगरपालिक अन्तर्गतका शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको आ.व.२०८१।०८२ को सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षणका लागि गठित तीन सदस्यीय समितिले २०८२।५।१२ मा पाना ७२ को प्रतिवेदन पेश गरेको देखिन्छ । उक्त प्रतिवेदन अनुसार स्कुटर, डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, मोटरसाइकल लगायत १७ प्रकारका २४४ थान जिन्सी मालसामन मर्मत गर्नुपर्ने भनि प्रतिवेदनमा उल्लेख गरेको छ। त्यसैगरी उक्त प्रतिवेदनमा जिन्सी व्यवस्थापन शाखा मार्फत कार्यसम्पादन गर्दा खरिद इकाइको निर्णय विना सामान खरिद गर्ने परिपाटी रहेको, खरिद प्रक्रिया अनुसार खरिद नभई दाखिलाका लागि मात्रै जानकारी गराइने गरेको, खरिद प्रक्रियामा एकरुपता नहुँदा नियमन गर्न कठिनाई भएको, PAMS मा सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरुको विवरण पूर्ण नभएकोले कठिनाई भएको लगायतका समस्या रहेको उल्लेख छ भने PAMS प्रभावकारी तथा पूर्ण रुपमा अपनाउन कर्मचारीलाई तालिम दिनुपर्ने, सवारी साधनको लगवुक अनिवार्य राखी इन्धन र मर्मत कार्य नियन्त्रण गर्ने, कार्यालयको कामको सन्दर्भमा ल्यापटप आवश्यक नभएका कर्मचारी र पदाधिकारीबाट ल्यापटप फिर्ता गरी कार्यालय व्यवस्थापन गर्नु पर्ने, कार्यालयको सवारी साधन व्यक्तिगत प्रयोजनमा प्रयोग हुन नदिने, सामान खरीद गर्दा खरिद इकाईको निर्णयबाट मात्र गर्ने लगायतका सुझावहरु समेत दिएको छ । तसर्थ पालिकाले नियममा भएको व्यवस्था तथा जिन्सी निरीक्षण प्रतिवेदनमा दिएका सुझाव समेतलाई समेत मध्यनजर गरी जिन्सी मालसामानको उचित व्यवस्थापन गर्नुपर्दछ । साथै पालिका तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा रहेका PAMS मा समावेश गर्न बाँकी सबै जिन्सी मालसामानहरु नियमानुसार समावेश गरिनु पर्दछ ।

३० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी संक्षिप्त पार्श्वचित्र बनायता पनि नीति, कानुन र सोको मापदण्ड बनाएको तथा विस्तृत रुपमा स्रोत नक्साङ्कन गरेको देखिएन ।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३१ मु.अ.कर कट्टी नगरेको

मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकायले ठेक्का वा करार बापतको रकम भुक्तानी गर्दा कर रकमको ३०% रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ | पालिकाले देहाय बमोजिमको फर्म। संस्थालाई बिल भुक्तानी गर्दा भुक्तानी दिएको मु.अ.कर रकमकोको ३०% ले हुने रु.१३९६२।०० कट्टा नगरी भुक्तानी गरेकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१३,९६२

३२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न बजार क्षेत्रमा हरियो र रातो रङ्गको डस्टविन राखि फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी

कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गर्न वडा नं. ६ स्थित सिराडीमा डम्पिङ्ग साइड समेत व्यवस्था गरी शुरुआत गरेता पनि त्यसको पूर्ण पालना हुन नसकेको, वर्षा याममा उक्त डम्पिङ्ग साइडमा जाने बाटो बिग्री व्यवस्थापन गर्न कठिनाई भएको पालिकाले जनाएको छ । पालिकाले फोहरमैला व्यवस्थापनमा जनचेतना लगायतका थप कार्यक्रम गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ **वडा समितिको बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । त्यसै गरी सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन २०७६ मा १ महिनामा बढीमा २ बैठकको मात्र बैठक भत्ताको रकम उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाको वडा नं २ को कार्यालयले पौष देखि असार महिना सम्म ७ महिनाको मासिक २ बैठक रु १००० का दरले १४ बैठकको भत्ता भुक्तानी माग गरेकोमा पालिकाले १८ बैठकको भत्ता भुक्तानी खर्च लेखेको देखियो । निम्न पदाधिकारी र कर्मचारीलाई वास्तविक बसेको बैठक संख्या भन्दा बढी दिनको बैठक भत्ता भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको उक्त भत्ता रकम सम्बन्धितबाट असूल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

सि नं	पदाधिकारीको नाम पद	बुझेको भत्ता रकम	पाउनुपर्ने भत्ता रकम	बढी भुक्तानी भएको रकम	कर कट्टी पछि असूल गर्नुपर्ने रकम
१	वडाध्यक्ष श्री देवेन्द्र बहादुर बोगटी	१८०००	१४०००	४०००	३४००
२	वडा सदस्य श्री धनसरा	१८०००	१४०००	४०००	३४००
३	वडा सदस्य श्री कविता ढोली	१८०००	१४०००	४०००	३४००
जम्मा		**१०८०००**	**८४०००**	**२४०००**	**१०२००**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१०,२००

३४ **खेल सञ्चालन अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि निम्न १२ विद्यालयहरुलाई निकासा गरेको रकमको खर्चको बिल भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु

सि नं	विद्यालय/क्याम्पसको नाम	निकासा रकम
१	अछाम बहुमुखी क्याम्पस	६००००
२	अन्नपूर्ण सामाजिक विद्यालय	७००००
३	कुन्ति मा वि कुन्तिबण्डाली	६००००
४	कालिका मा वि जुपु	६००००
५	गंगा मा वि ठेसिङ्गे	७५०००
६	जाल्पादेवी मा वि मुंग्राचौर	६००००
७	पार्वति मा वि खाँपडाँडा	७००००
८	मंगला ने रा मा वि वलिगाउँ	६५०००
९	यशोधरा आ वि बस्ती	७५०००
१०	राधा मा वि बोगटीगाउँ	६००००
११	षोडसा मा वि मंगलसेन	८००००
१२	शिशु सुधार मा वि बस्ती	७५०००
जम्मा		**८१००००**

प्रमाण पेश नगरेको	८,१०,०००

३५ **सफ्टवेयर नवीकरण शुल्क**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । राजस्व संकलनका लागि नेपाल सरकारले गत बर्षबाट अनिवार्य रुपमा सुत्र लेखा प्रणालीमा राजस्व मोडुल प्रयोगमा ल्याई राजस्व संकलन भई रहेकोमा कार्यालयले पुनः राजस्व शाखाको सिफारिशमा सांग्रिला सफ्टवेयरको नवीकरण बापत बिजक नं. इस आई ०००८९१८१८२ बाट मु. अ. कर सहित रु. ८९,८३५। श्री सांग्रिला इन्फरमेटिक प्रा.लि. काठमाडौलाई वार्षिक नवीकरण शुल्क भुक्तानी दिएको छ । नयाँ सफ्टवेयर लागू भइ प्रयोगमा आइसकेको अवस्थामा पुरानै सफ्टवेयरको नवीकरण शुल्क भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८९,८३५

३६ **ब्ल्यांकेट वितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ५को कार्यालयले एकल महिला सम्मान कार्यक्रम अन्तर्गत ब्ल्यांकेट वितरणका लागि श्री ग्वाँसी समैजी ट्रेडर्सबाट ९४ थान ब्ल्यांकेट रु १०६३ का दरले खरिद गरेकोमा ८१ एकल महिलालाई वितरण गरेको प्रमाण पेश भएको छ । बाँकी १३ थान ब्ल्यांकेट वितरणको भरपाई पेश नभएको हुँदा वितरण भरपाइ वा स्टोर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,८१९

३७ **मूल्यांकन समितिको बैठक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।गो भौ नं ६४६।२०८२।०३।१६ बाट औषधी खरिद र

स्यानिटरी प्याड खरिद कार्यको बोलपत्र मूल्यांकन समितिको बैठक भत्ता वापत रु ५२००० भुक्तानी भएकोमा मिति २०८२।०३।०८ साँझ ६:३०, २०८२।०३।०९ बिहान ६:३०, २०८२।०३।०९ साँझ ६:३० र २०८२।०३।१० बिहान ६:३० को एकै मिति र समयमाबैठक माइनुट संलग्न गरी दोहोरो बैठक भत्ता भुक्तानी खर्च लेखेको देखियो । यसरी एकै मिति र समयको बैठक वापत भुक्तानी भइ दोहोरो परेको देहायको कर्मचारीको बैठक भत्ता सम्बन्धितबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

सि नं	पद नाम	भुक्तानी भएको बैठक संख्या	भुक्तानी हुनुपर्ने बैठक संख्या	भुक्तानी भएको भत्ता रकम	भुक्तानी हुनुपर्ने भत्ता रकम	दोहोरिएको भत्ता रकम	कर कट्टी पछिको असुल गर्नुपर्ने रकम
१	प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र बहादुर डाँगी	८	४	८०००	४०००	४०००	३४००
२	लेखा अधिकृत बिष्णु प्रसाद उपाध्याय	८	४	८०००	४०००	४०००	३४००
३	इन्जिनियर खम्म बहादुर के सी	८	४	८०००	४०००	४०००	३४००
४	अ सब इन्जिनियर नारायण राज नोशी	६	३	६०००	३०००	३०००	२५५०
५	अ सब इन्जिनियर भरत बोहोरा	४	२	४०००	२०००	२०००	१७००
६	भरतराज जैसी	२	१	२०००	१०००	१०००	८५०
७	का स एकेन्द्र राज केसी	३	१	३०००	१०००	२०००	१७००
जम्मा						**२००००**	**१७०००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१७,०००

३८ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९(१३) अनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म. ले. प. फा. नं. २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गत वर्षको निम्न बमोजिमको खर्च प्रमाणित म.ले.प.फा.नं. २२१ बेगर भुक्तानी गरेको छ ।यसरी नियम विपरीत म. ले. प. फा. नं. २२१ प्रमाणित नगरी गरेको गत वर्षको खर्च नियमित नदेखिएको रु.

गो भौ नं मिति	खर्चको विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
१५८।२०८१।०९।१८	सवारी साधन मर्मत	आर्नव अटोपार्ट्स	१४८१५०
२१४।२०८१।१०।०६	पशुपंक्षीका लागि औषधी खरिद	साउद मल्टी एग्रो ट्रेड एण्ड सप्लायर्स	५०००
जम्मा			**१९८१५०**

अनियमित भएको	१,९८,१५०

३९ **मत्स्य प्रबर्धन कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले मत्स्य प्रबर्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत साझेदारीमा माछाको भुरा, चारो खरिद वापत हिराजित कृषि फर्मलाई रु ५०००० अनुदान रकम भुक्तानी गर्नुपर्नेमा निजबाट कुल रु ८७७५० को मात्र बिल भरपाइ आएको देखियो ।बिल बमोजिम पालिकाबाट रु ४३८७५ भुक्तानी दिनुपर्नेमा रु ५०००० दिएकोले बढी भुक्तानी रकम रु ६१२५ निजबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,१२५

४० **क्याम्पसलाई अनुदान**

संविधानको अनुसूचीमा संघीयता कार्यान्वयनका सम्बन्धमा तीनै तहका सरकारको कार्यक्षेत्र स्पष्ट उल्लेख गरिएको छ जस अनुसार अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा रहेको छ। पालिकाले संविधानले तोकेको अधिकारक्षेत्र भन्दा फरक हुने गरी अछाम बहुमुखी क्याम्पसलाई रु ७००००० र कैलास बहुमुखी क्याम्पसलाई रु ५,००,०००। समेत रु १२,००,०००। अनुदान दिएको नियमित नदेखिएको रु.

अनियमित भएको	१२,००,०००

४१ **भवन निर्माण अनुदान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यसैगरी मङ्गलसेन नगरपालिका र नेपाल नगरपालिका संघबिच २०८२।०२।२२ मा भएको नगरपालिका संघको भवन निर्माण गर्ने सम्झौताको बुँदा नं ३ मा नगरपालिका संघले अनुदान प्राप्त गर्दा प्रस्तावित भवनको ड्रइङ, डिजाइन र इस्टिमेसन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधि सम्म नगरपालिका संघबाट भवन निर्माण सम्बन्धी ड्रइङ, डिजाइन र इस्टिमेसन पेश भएको देखिएन । तसर्थ भवन निमाणको लागत अनुमान, ड्रइङ, डिजाइन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

४२ **सामाजिक सुरक्षा कर**

आयकर ऐन, २०५८ को दफा ८७ को अनुसुची १ बमोजिम रोजगारदाताबाट भुक्तानी हुने रकममा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नपर्ने व्यवस्था छ ।पालिकाले पदाधिकारीलाई भुक्तानी गर्ने मासिक सुविधामा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने रकम भन्दा कम कट्टी गरी भुक्तानी गरेको पाइयो ।पालिकाले ७४ पदाधिकारीलाई चैत्र देखि असार सम्मको सुविधा वापत रु. ४१००० सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा रु. २२३८२ मात्र कट्टी गरेको देखियो । नपुग सामाजिक सुरक्षा कर रु. १८६१८ सम्बन्धित पदाधिकारीबाट असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१८,६१८

४३ **अनुगमन भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित बैठक तथा कार्यक्रममा उपस्थित नभएको अववस्थामा समेत बैठक तथा अनुगमन भत्ता वितरण गरेको देखिएकोले उपस्थिति बेगरको निम्न भत्ता सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

सि नं	कर्मचारी पदाधिकारीको नाम	असुल गर्नुपर्ने रकम	कर कट्टी पछिको असुल गर्नुपर्ने रकम	कार्यक्रम
१	नगर प्रमुख पदम बहादुर बोहोरा	५०००	**४२५०**	**आधारभूत र माध्यमिक तहको परीक्षाको अनुगमन**
२	सा वि स संयोजक बिर्ख बहादुर बोगटी	५०००	**४२५०**	
३	एम आइ एस होम बहादुर साउद	३०००	**२५५०**	
४	नगर प्रमुख पदम बहादुर बोहोरा	२०००	**१७००**	**विपद व्यवस्थापन बैठक**
५	वडा नं ६ वडा सदस्य जैसरा दमाई	२०००	**१७००**	**वडा समिति बैठक**
जम्मा			**१४४५०**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१४,४५०

४४ **न्यायिक समितिको तालिम**

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०८१ बमोजिम सञ्चालित सबै प्रकारका तालिममा दैनिक ४ सेसन सम्म चलाउन सक्ने, हरेक सेसनको अवधि १.५ घण्टाको हुनुपर्ने र प्रत्येक सेसनको कार्यपत्र संलग्न गरेर मात्र प्रशिक्षण भत्ता भुक्तानी गर्नुपर्ने साथै तालिम सञ्चालन गर्दा खर्चको प्रभावकारिता हुने गरी समेत गर्नुपर्ने उल्लेख छ ।पालिकाले गोश्वारा भौचर नं ८५८।२०८२।०३।२५ बाट मेलमिलाप सम्बन्धी तालिम कार्यक्रम सम्पन्न वापत रु ४१६८०८ भुक्तानी खर्च लेखेको छ । मेलमिलापकर्ताको तालिम सञ्चालन गर्दा सेसन सञ्चालनका लागि मेलमिलाप परिषदले तोकेको ढाँचाको कार्यतालिका बनाइ सोही अनुसार कार्यपत्र निर्माण गरी कक्षा सञ्चालन गर्नुपर्नेमा सो अनुसारको कार्यपत्र समेत संलग्न गरेको पाइएन ।त्यसै गरी कानुन विज्ञ वा मेलमिलाप परिषदबाट तालिम प्राप्त व्यक्तिलाई प्रशिक्षकको रुपमा सम्झौता गरी कार्यक्रम गर्नुपर्नेमा सो सम्झौता र प्रमाणपत्र संलग्न गरेको छैन ।तसर्थ आवश्यक प्रकृया तथा प्रमाण नपुर्याइ गरेको तालिम कार्यक्रमको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु

अनियमित भएको	४,१६,८०८

४५ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरूको मुल्य खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णय अनुसार सम्पत्ती व्यवस्थापन सफ्टवेयर (PAMS) मा अभिलेख राख्नुपर्ने व्यवस्था छ । साथै मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ ।पालिका तथा वडाले खरिद गरेका सामानहरुको PAMS V2 का दाखिला भएको देखिएन ।अतः PAMS V2 मा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि नं	खरिद विवरण	सप्लायर्सको नाम	खरिद रकम
१	वडा नं ६ का लागि प्रोजेक्टर खरिद	पूर्णिमा मोबाइल ग्यालरी एण्ड सप्लायर्स	८००००
२	वडा नं ७ को लागि एप्सम प्रिन्टर खरिद	पूर्णिमा मोबाइल ग्यालरी एण्ड सप्लायर्स	२८२५०
३	कार्यालयका लागि भिभो मोबाइल खरिद	किङ्स मोबाइल पाको न्यूरोड	३३७००
४	वडा नं १३ का लागि कार्यालय सामान खरिद	न्यू मनकामना अर्डर एण्ड सप्लायर्स	४९९७४
जम्मा			**१९१९२४**

प्रमाण पेश नगरेको	१,९१,९२४

४६ **कृषि प्रविधि हस्तान्तरण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले जलवायूमैत्री कृषि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत कृषकलाई टनेल निर्माण वापत ७५ प्रतिशत अनुदान रकम वितरण गरेकोमा नास्मिता खुद्रा एण्ड होटललाई रु ५०००० भुक्तानी दिएकोमा निजको बिल भरपाइ अनुसार रु ५८७५ बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,८७५

४७ **बिल भरपाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ. नं. ८५३।२०८२।०३।२५ मा फर्निचर खरिद वापत फुलेश्वर फर्निचर उद्योगलाई रु १८१७८३ खरिद गरेकोमा उक्त खरिदको खरिद आदेश, दाखिला प्रतिवेदन, बिल भरपाइ तथा निर्णय पेश नभएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,८१,७८३

४८ **सवारी नवीकरणमा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा यस ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । पालिकाले समयमा सवारी नवीकरण नगरेको कारणले नवीकरण दस्तुर भुक्तानी गर्दा जरिवाना रु ५३५२० समेत भुक्तानी गरेको छ। समयमै नवीकरण गरी छुट लिनुपर्नेमा जरिवाना सहित भुक्तानी गरेकोले पालिकालाई रु.५३५२० व्ययभार परेको छ ।समयमै सवारी साधन नवीकरण गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

४९ **खाद्यान्न सुविधा**

सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । जसअनुसार अनुसूची-१(ख) अनुसार पदाधिकारीहरूलाई पालिकाबाट खाद्यान्न दिन पाउने व्यवस्था रहेको देखिदैन । गो.भौ.नं. ७७०।२०८२।०३।२३ बाट उप-प्रमुख श्री संगिता कुमारी रावलको आवासको प्रयोजनको लागि खाद्यान्न वापत अतिथि सत्कार तथा बैठक खाजा खाना खर्च शीर्षकबाट ए आरसी सप्लायर्सलाई भुक्तानीमा कर कटाइ रू २७८५६ भुक्तानी दिएको देखिन्छ ।गत वर्षको प्रतिवेदनमा समेत यस प्रकारको व्यहोरा औंल्याएकोमा सुधार भएको देखिँदैन । पदाधिकारी सुविधा सम्बन्धी ऐनमा यस प्रकारको सुविधा बापतको भुक्तानी दिन नमिल्ने देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२७,८५६

५० **आर्थिक वर्षको अन्तिममा पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ को पेश्की दिने र खर्च गर्ने सम्बन्धी व्यवस्था अन्तर्गत नियम ५०(४) मा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नपाइने व्यवस्था छ ।पालिकाले गो भौ नं ८६४।२०८२।०३।२५ मा राजस्व सम्बन्धी तालिम सञ्चालनको लागि सहायक चौथो दिपक खड्कालाई रु ९९००० पेश्की दिएको छ । पालिकाले आर्थिक वर्षको शुरुमै तालिम तथा कार्यक्रम सञ्चालनको कार्यसुची निर्माण गरी सोही बमोजिम समयमै कार्यक्रम सम्पन्न गर्नुपर्नेमा खाता बन्द गर्ने अन्तिम मितिमा तालिम सञ्चालनका नाममा पेश्की दिँन मिल्ने नदेखिनुका साथै तालिम सञ्चालन हुन नसकेकोले पेश्कीको उद्देश्य यथार्थपरक एवं व्यवहारिक देखिँदैन ।अतः आर्थिक वर्षको अन्तिममा दिएको पेश्की रकमबाट कार्यक्रम सञ्चालन भएको नदेखिएकोले उक्त रकम फिर्ता गराइ स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

५१ **करार कर्मचारी**

५१.१ **पारिश्रमिक खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९० जना कर्मचारीहरु करारमा राखि रु.२,५७,४०,०००।- खर्च लेखेको छ ।

५१.२ **स्वीकृत दरवन्दी वेगरको करार सेवा** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा पालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करार लिन सकिने उल्लेख छ। पालिकाले ओ एण्ड एम सर्वेक्षण प्रतिवेदन २०७९ अनुसार निम्न बमोजिमको दरबन्दी सृजना गरी करार सेवामा पदपूर्ति गरी तलब भत्ता वापत रु. ६२,९७,७२०.०० भुक्तानी गरेको पाइयो। उक्त दरबन्दी नेपाल सरकारबाट स्वीकृत गरेको देखिएन। यसरी स्वीकृत दरबन्दी बेगर करारमा कर्मचारी राखी तलब भत्ता खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

सि नं	पद	नियुक्ति संख्या	मासिक तलब	कुल तलब
१	सहायक कम्प्युटर अपरेटर	४	२८६१०	१४८७७२०
२	अ.हे.व. अनमि	११	२३०००	३२८९०००
३	कृषि तथा पशु प्राविधिक	४	२४०००	१२४८०००
४	फिल्ड सहायक	१	२१०००	२७३०००
जम्मा				**६२९७७२०**

अनियमित भएको	६२,९७,७२०

५२ **जडान भएको प्राबिधिक मूल्यांकन पेश नभएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष देहाय अनुसार बिभिन्न साइजका पाइप खरिद

गरेकोमा ति निर्माण सामाग्रिहरु जडान भएको प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु.

गो.भौ.नं.र मिति	रकम	सप्लायर्सको नाम	बिबरण
३१९।०८२।३।२२	९५८०१४	मामा भान्जा ग्रुप मंगलसेन	एच.डि.पि.पाईप ६३एम.एम.५७० मी.,९० एम.एम.७०० मी.र ११० एम.एम.८३० मि.

प्रमाण पेश नगरेको	९,५८,०१४

५३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ उपनियम २ मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको पाइएन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको छ । ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

५५ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशतका दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा के कति रकम कट्टी गरेको हो सो सम्बन्धि अभिलेख खाता राखेको पाइएन । जसबाट खर्च रकम पनि नियमावलीमा भएको व्यवस्था अनुसार नै खर्च भएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टेन्जेन्सी खाताको व्यवस्था गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

५६ **स्थानीय दररेट निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

५७ **नापी किताब**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि महालेखा परीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको म.ले.प.फा.नं. ५०३ को ढाँचामा निर्माण कामको परिमाण र रकम खुलाउनुपर्ने एवम सार्वजनिक निकायले प्रयोग गरेका कम्प्यूटीकृत नापी किताबमा पाना नं.सिलसिलेबार राखी नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा प्रबिष्टी गरी नापी किताबको अभिलेख राख्नुपर्ने ब्यबस्था रहेको छ । नापी किताब सम्बन्धी स्वीकृत (फाराम) नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत

हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गर्नुपर्ने प्राबधान गरेको पाईयो। लेखापरीक्षणको क्रममा पेश भएका नापी किताबको परीक्षण गर्दा कम्प्युटर प्रिन्टबाट नापी किताब तयार गरेकोमा स्वीकृत ढाँचा अनुसार बिबरणहरु नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम लगायत स्वीकृत ढाँचामा उल्लेख भए अनुसारका आवाश्यक बिबरणहरु नापी किताबमा चढाएको देखिएन । अतःनापी किताबमा खुलाउनुपर्ने व्यहोरा सबै खुलाई नापी किताब नियत्रण खाता म.ले.प.फा.नं. ५१२ मा अभिलेख जनाई नापी किताब प्रयोगमा ल्याउनु पर्दछ। तसर्थ नापी किताबमा चढाएको परिमाण अनुसार प्राबिधिक मूल्यांकनमा परिमाण र रकम ठिक दुरुस्त छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकोले यस तर्फ कार्यालयले यकिन गरी सुधार गर्नुपर्दछ ।

५८ **कार्यक्रम प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूची-२ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शून्य तथा न्यून प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरू छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शून्य प्रगति भएका पुँजीगत तर्फका योजनाहरूको केही उदाहरण देहायअनुसार छन्:

क्र.स.	योजनाको नाम	विनियोजित रकम	प्रगति प्रतिशत
१	अयारबण्ड ताल संरक्षण निर्माण वडा नं.१४	९०५६५	०
२	जोखिम रहेको ललि हुडकेको घरको अगाडी जाली हाल्ने वडा नं १४	५००००	०
३	डाँडा खानेपानी नाउलो निर्माण वडा नं १४	११४४२८	०
४	धारेखोला गोलथला खानेपानी निर्माण वडा नं १४	५००००	०
५	मुग्राधारा खानेपानी भगवती वडा नं १४	१०००००	०
६	कालतप्सी मन्दिर निर्माण वडा नं १२	१९३१४०	०
७	ठुडेआम बण्डालीमाडु घेरापर्खाल निर्माण वडा नं १०	५६६४४	०
८	देवल संरक्षण घेरापर्खाल वडा नं १०	५००००	०
९	मंगलासैन आ.बि.शैक्षिक सुधार वडा नं १०	१०००००	०
१०	सनिखेत मसानघाट प्रतिक्षालय निर्माण वडा नं ६	५००००	०
११	मुग्रा धारा मर्मत पिपलतोली वडा नं ५	८४७१८	०
१२	खातीगाउँ चामधारा खानेपानी टंकी निर्माण वडा नं ४	१५००००	०
१३	टाटके गोरेटो बाटो निर्माण वडा नं ४	२५००००	०
१४	बाल्डाँडा कुकुडीपाटा सडक वडा नं ४	३३९०४६	०
१५	घट्टेखोला लिफ्ट खानेपानी निर्माण वडा नं ३	३३९५३१	०
१६	खम्ब आ.बि.भवन मर्मत वडा नं २	२०००००	०

५९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने ब्यबस्था छ । पालिकाले चालु बर्ष

बिभिन्न निर्माण कामहरु देहाय बमोजिम सिधैं कोटेशनको माध्यमबाट गराएको देखिएको हुनाले ऐन नियममा ब्यबस्था भए अनुसार प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट गराई मितव्ययिता अपनाउनु पर्दछ । नमुना परीक्षण गर्दा देखिएका उदाहरण निम्नानुसार छन।

भौचर नं. र मिति	**भुक्तानी रकम**	**योजनाको नाम**	**फर्मको नाम**
९।२०८१।०६।२०	९७९०२७	अछाम क्याम्पस भवनको सेप्टिक टंक र सिडि कभर निर्माण	जे एण्ड जे रावल कन्स्ट्रक्सन
२९०।२०८२।०३।१८	३४३८५०	रोल-बल्डाडा धामीगाउ-कैलाशखोला रोल-पुलबजार घट्टेखोला सडक मर्मत	श्रीपाल निर्माणसेवा
३१९।२०८२।३।२२	९५८०१४	बिभिन्न वडा पाईप खरिद	मामा भान्जा ग्रुप
८७।२०८१।१०।०६	९८३५६९	पलम वाल निर्माण अछाम क्याम्पस	एम.डी कन्स्ट्रक्सन
८२८।२०८२/०३/२४	९५९७२८	नगरपालिका आवास निर्माण	उत्तम निर्माण सेवा
४०८।२०८२।३।२५	७७२७२४	बाडि टोलमा जाली र वडा नं. ५ मा Hume pipe & slab निर्माण	सृजना निर्माण सेवा
३१५,३७।२०८२।०२।१८	२४०१२१	आप्रबासी ट्रर्स निर्माण	किरण निर्माण सेवा
९१।२०८१।१०।०६	३५७६६६	जिल्ला प्रशासन कार्यालय अगाडिको शान्ति बाटिक पेन्ट	हार्दिक निर्माण सेवा
१५।२०८२।३।१७	४३८६७०	पुरानो हाटबजार देखि सागर फोटो स्टुडियो सम्म सडक निर्माण	रामारोशन नन्दामाता निर्माण सेवा
जम्मा	**६०३३३६९**		

६० **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.४६ देखि ४२.८८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा सम्वन्धित निकायले नर्म्स संशोधन एवम पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

ब.उ.शि.नं	कामको विवरण	ठेक्का न	निर्माण ब्यवसयिकोनाम	लागत इस्टिमेट	सम्झौता रकम	घटि प्रतिशत
न.पा.पूँजिगत	वडा नं. १ को वडा कार्यालय भवन	१।०८१।०८२	जमुना निर्माण व्यवसायी अछाम	९०९२१९७	५८४३६३४	३३.१२
न.पा.पूँजिगत	मुख्य बजार सडक पक्की सडक(क्याम्पस सडक)	३।०८१।८२	जमुना निर्माण व्यवसायी अछाम	४८५७५००	३७८४४०६	२२.११
संघिय पूँजिगत	मुख्य बजार सडक पक्की सडक	२।०८१।८२	ए.एन.डि.कन्स्ट्रक्सन ग्रुप	११३८२४१४	६५०१९०३	४२.८८
संघिय पूँजिगत	वस्ती चाईरहवा लोडेघाट सडक	४।०८१।८२	नविन निर्माण सेवा	५५८५२३८	५५५९५००	०.४६
प्रदेश पूँजिगत	माली कुलो सिंचाई	७।०८१।८२	त्रिपुरासुन्दरी निर्माण सेवा साँफेबगर	३३८१४८४	२२५७९६३	३३.३७
प्रदेश पूँजिगत	जाल्पा धौपाटा सिंचाई	६।०८१।८२	शुभ ग्रुपकाल भैरव कन्स्ट्रक्सन	४३४९३७४	२६७५८८३	३८.४७

६१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण ब्यबसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झोता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं. १।०८१।०८२ बाट वडा नं. १ को वडा कार्यालय भवन निर्माण गर्न मिति २०८१।१२।२५ गते भित्र सम्पन्न गर्ने गरी रु.५८४३६३४।०० मा मिति २०८१।६।१३ गते जमुना निर्माण सेवासँग सम्झौता भए अनुसार निर्माण काम मिति २०८२।३।९ गते सम्पन्न गरी रु.५६९६१०२।०० भुक्तानी भएको छ । निर्माण ब्यबसायीले निर्माण काम मिति ७४ दिन ढिलो गरी मिति २०८२।३।९ गते (नापी किताब लगायत प्राबिधिक मूल्यांकनमा काम सम्पन्न मिति नखुलाएको,अन्तिम बिल भुक्तानीको लागि निबेदन पेश मिति २०८२।३।९ गते गरेकोमा पालिकाले मिति २०८२।३।२४ गते तोक आदेश गरेको भएतापनि पालिकामा निबेदन दर्ता नभएको,वडा कार्यालयको सिफारिस मिति २०८२।३।१९ रहेकोले समयमा निर्माण काम सम्पन्न नभएको) सम्पन्न गरेको कारण सम्झौता मिति २०८१।१२।२५ भन्दा ७४ दिन ढिलो देखिएको कारण सम्झौता रकमा रु.५८४३६३४।०० को ०.०५ का दरले हुने रु.२१६२१४।०० असुल हुनुपर्ने रु...

असुल गर्नुपर्ने	२,१६,२१४

६२ **भेरिएशन स्वीकृत नभएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । ठेक्का नं. वर्क।०४।०७९।८० बाट नगरपालिका जोड्ने सडक कालोपत्रे कामको शुरु लागत अनुमान रु.५०९६९६२१।०० भएकोमा भेरिएशन पश्चात रु.५१६१७९३९।९९ (शुरु लागत अनुमानको तुलनामा १.२७ प्रतिशत बढी) रहेको कार्य गर्न निर्माण व्यवसायी स्वेता।कौशिक जे.भि.काठमाडौंसँग मिति २०७९।१०।४ गते शुरु सम्झौता रु.५०१८७७८८।०० भएकोमा भेरिएशन पछि रु.५०१७७६५६।०० (शुरु सम्झौताको ०.०२ प्रतिशत घटी) कायम हुन गई पालिकाले मिति २०८१।१।२ गते भेरिएशन टिप्पणी तयार गरेको भएतापनि नगरप्रमुखबाट स्वीकृत भएको देखिएन । यसरी

पालिकाबाट जारी भएको भेरिएशन पश्चात काम गराउदाँ भेरिएशन भएको परिमाण भन्दा बढी वा घटी हुने गरी काम गराएकोमा पुन भेरीएशन स्वीकृत गरेको नदेखिएको एवम भेरिएशनको परिमाणको सिमा भित्र रही काम नगराएको वा प्राबिधिक रुपमा पुष्टी बिना भेरिएशन गरेको कारणबाट भेरिएशन पश्चातको परिमाणमा थपघट भएको सम्बन्धमा यकिन हुन नसकिएको हुनाले पालिकाले यस सम्बन्धमा प्राबिधिक रुपमा पुष्ट्याई सहितको भेरिएशन स्वीकृत गरी पेश गर्नुपर्दछ । भेरिएशन पश्चात थप घट भएको विवरण देहाय बमोजिम रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६३ भेरिएशन सम्बन्धमा

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले ऐनको दफा ५४ को उपदफा १ मा भएको ब्यबस्था बमोजिम २५ प्रतिशत भन्दा बढी रकमको भेरिएशन कार्यपालिकाबाट स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । पालिकाले देहायका काममा नियममा ब्यबस्था भएको प्राबधान विपरित लागत अनुमान तयार गर्दा अनुमान गर्न नसकिएको भन्दा पनि प्रतिस्पर्धाबाट बचत रकमबाट थप निर्माण काम प्राबिधिक समितिबाट प्राबिधिक पुष्ट्याई नगराई नगर प्रमुखबाट भेरिएशन स्वीकृत गरी काम गराएको पाइयो । पालिकाले यस प्रकारले भेरिएशन गर्ने परिपाटिमा सुधार गर्नुपर्दछ । अत: पालिकाले नियमको परिधिभित्र रहेर प्राबिधिक पुष्ट्याई सहित भेरिएशन स्वीकृत गराई काम गराउनुपर्नेमा सो बिपरित २५ प्रतिशत भन्दा बढी रकमको भेरिएशन नगरप्रमुखबाट स्वीकृत गरेको नियमसम्मत नभएको रु

ठेक्का नं.	बिबरण	शुरु	भेरिएशन पश्चात	भेरिएशन रकम	भेरिएशन प्रतिशत
३।०८१।८२	**लागत अनुमान रकम**	४८५७५००	७०३२०५७	२१७४५५६	४४.७७
	सम्झौता रकम	३७८४४०६	५३७०९८६	१५८६५८०	४१.८२
	लागत अनुमान रकम	११३८२४१४	१५४४५००९	४०६२५९४	३५.६९
	सम्झौता रकम	६५०१९०३	८६५७५९५	२१५५६९२	३३.१५
	जम्मा भेरिएशन			३७४२२७२	

अनियमित भएको	३७,४२,२७२

६४ गुणस्तर प्रमाण पेश नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरि लागत अनुमान तयार गर्ने र सोहि अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर ठेक्का नं. वर्क।०४।०७९।८० भएको नगरपालिका जोड्ने सडक कालोपत्रे कामको निर्माण व्यवसायी स्वेता।कौशिक जे.भि.काठमाडौंसँग मिति २०७९।१०।४ गते रु.५०१८७७८८।०० को सम्झौता भएकोमा भेरिएशन समेत रु.५०१४६८४०।०० भुक्तानी भएको मध्ये रु.२०००००।०० गुणस्तर परीक्षण वापत पि.एस.आईटममा समाबेश गरी भुक्तानी भएको छ । उक्त गुणस्तर परीक्षण वापत भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको प्रतिबेदन र रकम बुझाएको प्रमाण पेश नभएको हुदाँ ठेक्काको शुरु अबधि देखि बिभिन्न चरणमा गुणस्तर परीक्षण गरेको प्रतिबेदन र सोही अबधिमा रकम बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

६५ **निर्माण कामको बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण काम गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च एवम तेश्रो पक्ष र जनशक्तिहरुको समेत त्रुटि सच्याउने अबधी समेत खाम्ने गरि बिमा गराउनुपर्ने ब्यबस्था रहेको छ । पालिकाबाट गत बिगत बर्षहरु र यस बर्ष ठेक्का ब्यबस्थापन भई निर्माण काम भई सकेका तथा भइ रहेका कामहरुको नियममा ब्यबस्था भए अनुसार बिमा नगरेको,बिमा गरेको भएपनि शुरु अबधिदेखि नगरी धेरै पछि देखि गरेको,सम्पूर्ण पक्षको बिमा नगरेको र पूरै अबधि खाम्ने गरि बिमा नगरेको जस्ता कैफियत देखिएको छ । निर्माण ब्यबसायीहरुले पूरै अबधीको बिमा नगर्ने एवम सम्पूर्ण पक्षको बिमा नगरेको अबस्थामा बिमा वापत सम्पूर्ण रकम भुक्तानी दिन मिल्ने देखिदैन । साथै नियम तथा ठेक्काको शर्त बमोजिम सम्पूर्ण पक्ष समेटेर शूरु अबधिदेखि त्रुटी सच्याउने अवधिसम्मको बिमा गरेको पोलिसी तथा प्रिमियम बुझाएको बिजक पेश नगरेको अबस्थामा पालिकाले बिल अफ क्वान्टिटीमा समाबेश गरेको बिमा वापतको सम्पूर्ण रकम भुक्तानी दिन नमिल्ने हुदाँ पालिकाले यस सम्बन्धमा निर्माण ब्यबसायीहरुबाट निर्माण काम,तेश्रो पक्ष र सामुहिक दुर्घटना बिमा शुरु अबधिदेखि म्याद थप वा निर्माण काम भएको मिति र त्रुटी सच्याउने अबधि खाम्ने गरी बिमा पोलिसि र सो को बिमा प्रिमियम बुझाएको बिजक पेश गर्न लगाउनुपर्ने अन्यथा सम्पूर्ण अवधि र पक्ष नसमेटेको अवस्थामा पालिकाले यकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । अत: निर्माण ब्यबसायीले बिमा गरी पेश गरेको बिजक भन्दा बढी भुक्तानी भएको देहाय अनुसारको रकमको पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	५,३१०

६६ **जगदम्बा कन्स्ट्रक्सन सोलुसनबाट हर्जाना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण ब्यबसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं. ३।०८०।०८१ बाट जे.सि.बि.एक थान खरिद गर्न मिति २०८१।४।२१ गते भित्र सप्लाई गर्ने गरी रु.४८५९२९२।०० मा मिति २०८१।३।२१ गते जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि.नक्सालसँग सम्झौता भए अनुसार मिति २०८१।४।३० गते सामान सप्लाई गरेकोले गो.भौ.नं.१४५।२०८१।१२।२१ बाट रु.४८५९२९२।०० भुक्तानी भएको छ । सप्लायर्सले ९ दिन ढिलो गरी मिति २०८१।४।३० गते (कर बिजक मिति २०८१।४।३०,भुक्तानी निबेदन मिति २०८१।५।४ र जिन्सी दाखिला मिति २०८१।१२।२१) सप्लाई गरेको कारण सम्झौता अबधी भन्दा ९ दिन ढिलो देखिएको कारण सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रु.२१८६६।०० असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	२१,८६६

६७ **क्षेत्राधिकार बाहिर खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आधारभूत तथा माध्यामिक तहको शिक्षा व्यवस्थापन मात्र स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने उल्लेख छ । साथै आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संघ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गर्नुपर्ने व्यवस्था छ । संघ तथा प्रदेशको क्षेत्राधिकार भित्र रहेको माध्यामिक तह भन्दा माथिको शिक्षा क्षेत्र तथा अस्पतालमा पालिकाले देहाय अनुसार रकम भुक्तानी दिएको देखियो । पालिकाले दीर्घकालिन दायित्व सिर्जना समेतलाई विचार गरी अनुदान वितरण सम्बन्धी कार्यविधि तथा मादण्ड निर्धारण नगरेको अवस्थामा निम्न अनुसार दिएको रकम सोही अनुसार खर्च भएको सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्राधिकार अन्तरगत रहेका संघ संस्थालाई मात्र कार्यविधि बनाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउने र अनुदान रकमको सदुपयोग सम्बन्धमा संस्थाको प्रगति र लेखापरीक्षण प्रतिवेदन लिई अनुमगन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

गो.भौ र मिति	रकम	भुक्तानी लिनेको नाम	बापत
पुँजीगततर्फ			
९।२०८१।०६।२०	९७९०२७	अछाम बहुमुखी क्याम्पस मंगलसेन	भवनको सेप्टिक टंक र सिडि कभर निर्माण
८७।२०८१।१०।०६	९८३५६९	अछाम बहुमुखी क्याम्पस मंगलसेन	प्लम वाल निर्माण
जम्मा	१९६२५९६		

६८ कोटेशनबाट ग्याबियन कार्य

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । ठेक्का नं. वर्क।०४।०७९।८० भएको नगरपालिका जोड्ने सडक कालोपत्रे काम गर्न निर्माण व्यवसायी स्वेता।कौशिक जे.भि.काठमाडौंसँग मिति २०७९।१०।४ गते रु.५०१७७६५६।०० (भेरिएशन समेत) मा सम्झौता गरी निर्माण काम भएको अवस्थामा सोही सडकमा पर्ने नाउलीखोला र सल्लाघारीमा ग्याबिनको काम सोझैं कोटेशनको माध्यमबाट गराई गो.भौ.नं.८०।२०८१।१०।४ बाट रु.९७४९८२।०० हरीगंगा निर्माण सेवा मंगलसेनलाई भुक्तानी दिएको देखिएको हुनाले ठेक्काबाट निर्माण भई रहेको कार्यक्षेत्रमा पुन कोटेशनबाट निर्माण गराउदाँ काममा दोहोरोपना हुन सक्ने तथा भेरीएशनबाट प्रतिस्पर्धामा काम गरी रहेको निर्माण व्यावसायीबाट काम गराएको अवस्थामा मितव्ययी हुने तर्फ पालिकाले ध्यान दिएको पाइएन ।

६९ एम्बुलेन्स खरिद

सार्वजनिक खरिद ऐन,२०६३ को दफा नं. ८ को उपदफा ८ र नियमावली, २०६४ को नियम ३१ ख को उपनियम १ बमोजिम क्याटलक बिधिबाट खरिद गर्दा छिटो आपूर्ति हुने गरी खरिद गर्नको लागि उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा खरिद गर्नुपर्ने प्राबधान रहेको छ । पालिकाले क्याटलक बिधिबाट एम्बुलेन्स खरिद गर्नको लागि मिति २०८२।३।२३ गते अग्नि ईन्कर्पोरिटेड प्रा.लि.काठमाडौं सँग रु.२३६१५००।०० मा सम्झौता गरेको देखियो । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन ।

६९.१ **कर सम्बन्धमा -** आयकर ऐन,२०५८ को दफा ८८ अनुसार सार्वजनिक निकायले भुक्तानीमा १.५ प्रतिशत रनिङ वा अन्य बिल वा बीजकमा अग्रिम आयकर कट्टा गर्नुपर्ने ब्यबस्था रहेकोले अग्नि ईन्कर्पोरिटेड प्रा.लि.काठमाडौंसँग एम्बुलेन्स खरिद गर्न रु.२३६१५००।०० मा मिति २०८२।३।२३ गते सम्झौता गरी गो.भौ.नं.५९ र ४०१ मिति २०८२।३।२४ गते रु.२३६१५००।०० आपूर्तिकर्तालाई अग्रिम भुक्तानी दिएकोमा पेश्की कायम नगरेकोले सामान सप्लाई हुदाँको बखत आपूर्तिकर्ताबाट अग्रिम कर असुल गरी राजस्व दाखिला प्रमाण पेश हुनुपर्दछ ।

६९.२ **एम्बुलेन्स सप्लाई नभएको -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा नं. ५२ (क) को उपनियम १ मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ताबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम पेश्की दिदाँ आपूर्तिकर्ताबाट बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गर्नुपर्ने र सो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको पेश गरेको आधारमा पेश्की दिन सकिने ब्यबस्था रहेको छ । पालिकाले मिति २०८२।७।१९ गते भित्र एम्बुलेन्स सप्लाई गर्ने गरी अग्नि ईन्कर्पोरिटेड प्रा.लि.काठमाडौं सँग रु.२३६१५००।०० मा मिति २०८२।३।२३ गते सम्झौता गरेकोमा सम्झौतामा अग्रिम भुक्तानी जमानत सहित माग गरेको मितिले ७ दिन भित्र रकम उपलब्ध गराउनु पर्ने व्यवस्था गरे बमोजिम माछापुच्छ्रे बैंक लि. बाट जारी भएको रु.२३६१५००।०० को बैंक जमानत पेश गरेकोले गो.भौ.नं.५९ र ४०१ मिति २०८२।३।२४ गते रु.२३६१५००।००

आपूर्तिकर्तालाई भुक्तानी दिएको छ । ऐनको प्राबधान अनुसार २० प्रतिशत मात्र पेश्की दिन सकिनेमा सम्पूर्ण रकम पेश्की नजनाई भुक्तानी दिएको नियमसम्मत देखिएन । अत सम्झौता बमोजिमको एम्बुलेन्स सप्लार्सबाट प्राप्त गरी जिन्सी दाखिला भएको प्रमाण सहित नियमित गर्नुपर्ने रु.

अनियमित भएको	२३,६१,५००

७० उपभोक्ता समितिबाट भएको काम

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ को उपनियम ८ मा उपभोक्ता समितिहरुबाट निर्माण गराउदा सम्झौता तथा लागत अनुमान अनुसारको काम तोकिएको समयमा गर्नुपर्ने र समयमा काम सम्पन्न नगरेको अवस्थामा म्याद थप गर्न नमिल्ने तथा समितिसँग भएको सम्झौता तोडि बाँकी काम नियमानुसार गराउनुपर्ने ब्यबस्था गरेको छ ।यसरी उपभोक्ता समितिबाट भएको कामहरु मध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि उपभोक्ता समितिहरुले सम्झौता अनुसार आर्थिक बर्ष भित्र नसकि काम बाँकी रहेको देखिएकोले नियममा भएको प्रावधानको पालना गरेको पाईएन । उपभोक्ता समितिबाट भएको कामको सम्बन्धमा देखिएका मुख्य ब्यहोराहरु निम्नानुसार रहेका छन ।

७०.१ **हस्तान्तरण नगरेको** - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरी काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

७०.२ **उपभोक्ता समितिलाई कन्टीजेन्सी** - सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिदाँ लागत अनुमानमा रहेको मू.अ.कर,ओभरहेट,कन्टीजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । गणेसिमल ठाँटीखाद सडक मर्मत वडा नं.११ उ.स.बाट काम गराई गाउँपालिका पूँजिगतको गो.भौ.नं.३०६।२०८२।३।१९ बाट रु.२२०५१४।००, सडकबोर्डको गो.भौ.नं.४४।२०८२।३।१९ बाट रु.१५४०००।०० र बिबिधको गो.भौ.नं.५४।२०८२।३।१९ बाट रु.३६०५३२।०० गरी जम्मा रु.५१४५३२।०० भुक्तानी दिदाँ कन्टीजेन्सी रकम रु.२५०५८।०० समेत भुक्तानी दिएको हुनाले उपभोक्तालाई कन्टीजेन्सी दिएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२५,०५८

७१ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा नियम १२३(४) वमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको ५० प्रतिशत रकम त्रुटी सच्याउने अवधी समाप्त भएपछि फिर्ता गर्नुपर्ने र वाँकी ५० प्रतिशत रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेपछि भुक्तानी दिने व्यवस्था छ भने नियम १२४(२क) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि भुक्तानी दिइने उल्लेख छ । पालिकाले भौचर नं १४।२०८२।२।९ बाट मंगलसेन नगरपालिका केन्द्र जोड्ने पक्की वाटो निर्माण कार्यको ८० प्रतिशत काम सम्पन्न भएको प्राविधिक रिपोर्टका आधारमा निर्माण व्यवसायी श्री स्वेता कौशिक जे.भी. लाई सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२क१) को प्रावधानलाई टेकेर त्रुटी सच्याउने अवधी भन्दा १ महिना बढी (२०२६ अगष्ट ५ सम्म म्याद भएको) अवधिको वैंक ग्यारेन्टी राखी रु.१५,६०,८६६।– धरौटी फिर्ता गरेको छ । पालिकाले निर्माण कार्य सम्पन्न पश्चात त्रुटी सच्याउने अवधी पछि वैंक ग्यारेन्टी फुकुवा गर्दा नियम १२४(२क) को प्रावधान अनुसार कर चुक्ता तथा मूल्यअभिवृद्धि कर समायोजन पत्र लिएर मात्र फिर्ता गर्नुपर्दछ ।

७२ सहकारी संस्थालाई भुक्तानी

गो.भौ.नं. ३२१।२०८२।३।२५ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ३२ मा स्थानीयतहले आफ्नो क्षेत्रका लघु उद्यमीले अति गरिबीको कारण लघु उद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा पर्याप्त स्थान नभएका र वित्तिय सेवामा पहुँच नभएका तर उद्यम गर्न इच्छुक लघु उद्यमीको संख्या १० भन्दा वढी रहेको भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघु उद्यमीबाट कुनै वस्तुको उत्पादन,प्रशोधन,वजारीकरण र सो सँग सम्बन्धित कुनै सेवा प्रदान गर्न दफा ३३ वमोजिम सम्भाव्यता अध्ययन गरी कम्तीमा एउटा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नगर प्रमुख संयोजक रहेको उद्यम विकास समितिको वैठकको निर्णयले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपाबाट साझा सुविधा केन्द्र (उद्यम घर मकै संकलनको लागि) निर्माण गर्न वडा नं ६ मा रहेको मालिका वचत तथा ऋण सहकारी संस्थालाई दिने निर्णय गरी पालिकाबाट रु.६,३२,५२९।- को लागत अनुमान बनाई पालिकाले रु.४,८०,०००।- र वाँकी सहकारी संस्थाले व्यहोर्ने गरी सम्झौता गरी कार्य सम्पन्न पश्चात रु.४,८०,०००।- भुक्तानी गरेको छ । निर्देशिका अनुसार उद्यमीहरुबाट नै साझा सुविधा केन्द्र वनाउन सक्ने प्रावधान रहेकोमा नाफामूलक संस्थाको रुपमा रहेको मालिका वचत तथा ऋण सहकारी संस्था लि.लाई साझा सुविधा केन्द्र निर्माणका लागि सम्झौता गरी भुक्तानी गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,८०,०००

७३ **सामाजिक तथा आर्थिक परीक्षण**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा सामाजिक एवम् आर्थिक लेखापरीक्षणका लागि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको र प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने एवं स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै आर्थिक लेखापरीक्षण गराई सोको प्रतिवेदन स्थानीय तहमा पठाउने समेत व्यवस्था छ । पालिकाले भौचर नं ७९।२०८१।१०।२ वाट विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विभिन्न ४२ विद्यालयमध्ये माध्यामिक विद्यालय र उच्च माध्यामिक विद्यालय ११ लाई रु.१५००० का दरले रु.१६५०००।– तथा आधारभूत विद्यालय ३१ लाई रु.१०,०००।– का दरले रु.३१००००।– समेत रु.४७५००। निकासा गरेको छ । देहायका विद्यालयहरुले २०८०।८१ को समेत आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छैन । तसर्थ पालिकाले यस वर्ष निकासा गरेको रकम सम्बन्धमा सबै विद्यालयबाट लेखापरीक्षण गराएको प्रतिवेदन प्राप्त गर्नु पर्दछ । आर्थिक वर्ष २०८०।८१ को समेत लेखापरीक्षण नगराएमा देहाय वमोजिमका विद्यालयलाई निकासा गरेको रकम सम्बन्धमा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ । अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	वडा नं	निकासा रकम
१	वाल विकास आधारभूत विद्यालय	१४	१००००
२	धुम्रलोचन आधारभूत विद्यालय	९	१००००
३	गणेश आधारभूत विद्यालय	१२	१००००
४	कालिका आधारभूत विद्यालय	१२	१००००
५	कालिका आधारभूत विद्यालय	७	१००००
६	कालिका माध्यामिक विद्यालय	११	१५०००
७	मंगला ने.रा. माध्यामिक विद्यालय	९	१५०००
८	नव प्रभात आधारभूत विद्यालय	१४	१००००
९	पार्वती माध्यामिक विद्यालय	१२	१५०००
१०	सरस्वती आधारभूत विद्यालय	११	१००००
११	सरस्वती आधारभूत विद्यालय	१३	१००००
१२	शिशु कल्याण आधारभूत विद्यालय	१३	१००००
१३	शिशु सुधार माध्यामिक विद्यालय	१३	१५०००
१४	शिव निवास सरस्वती आधारभूत विद्यालय	३	१५०००
१५	षोडशा देवी माध्यामिक विद्यालय	५	१५०००
१६	शिशु सुधार आधारभूत विद्यालय	१४	१००००
१७	सुर्योदय आधारभूत विद्यालय	३	१००००
१८	यशोधरा माध्यामिक विद्यालय	१३	१५०००
		जम्मा रु.	२१५०००

प्रमाण पेश नगरेको	२,१५,०००

७४ **नि:शुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पालिकाले यस वर्ष भौ.नं १०८।२०८१।१२।११ बाट ७५ प्रतिशत रकम रु.३०,३२,००७।– तथा भौचर नं.२९६।२०८२।३।२४ बाट बाँकी नपुग २५ प्रतिशत रु.१०,८९,७३९।– समेत रु.४१,२७,७४६।– विभिन्न ४२ वटा विद्यालयलाई निकाशा गरेको छ । नमूना छनोटको आधारमा देहायका ३ विद्यालयको कक्षागत रुपमा पाठ्यपुस्तक निकासाको रकम परीक्षण गर्दा EMIS प्रतिवेदन २०८२ मा भएको विद्यार्थी संख्या भन्दा बढी हुनेगरी निकासा गरेको पाइयो । निकासा गरिएको रकमबाट खरिद गरेका पुस्तकहरु विद्यार्थीहरुलाई बुझाएको स्पष्ट भिडान हुनेगरी भरपाई समेत राखेको छैन । तसर्थ पालिकाले सबै विद्यालयमा निकासा गरेको रकम वास्तविक विद्यार्थीसँग भिडान गरी यकिन गर्नुपर्ने र वढी निकासा भएको भए असुल गर्नुपर्दछ । साथै विद्यार्थीहरुले पाठ्यपुस्तक प्राप्त गरेको

सुनिश्चित समेत गर्नुपर्दछ । देहायका विद्यालयलाई कक्षागत रुपमा EMIS प्रतिवेदन भन्दा बढी संख्यामा निकासा गरेको रकम पालिकाले यकिन गरेर असुल गरी संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	३,४५,९२४

७५ **भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नमूना छनोटका आधारमा परीक्षण गरिएका विद्यालय मध्ये देहाय बमोजिमका दुई विद्यालयलाई निकासा गरेको छात्रवृत्ति (कक्षा १ देखि ५ सम्म) रकम सम्बन्धित विद्यार्थीलाई बुझाएको भरपाई पेश नभएको रु.

क्र.स.	विद्यालयको नाम	विद्यार्थी संख्या	रकम
१	जालपा देवी मा.वि वडा नं ७	१२१	४८४००
२	शिव निवास आ.वि.	१२४	४९६००
	जम्मा	२४५	९८०००

प्रमाण पेश नगरेको	९८,०००

७६ **छात्रवृत्ति**

भौचर नं १४५।२०८१।१२।२५ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नंवर ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था अनुसार कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने दलित छात्र, छात्रा तथा गैह्र दलित छात्रालाई वार्षिक रु.४०० का दरले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ । नमूना छनोटका आधारमा देहायका विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि निकासा गरेको छात्रवृत्ति रकम परीक्षण गर्दा EMIS प्रतिवेदनका आधारमा विद्यालयलाई निकासा गरेको रकम भन्दा वास्तविक विद्यार्थीले वुझेको भरपाई कम देखिएकोले अन्य विद्यालयलाई निकासा गरेको रकम सम्बन्धमा समेत पालिकाले यकिन गरी बढी निकासा भएको भए असुल गर्नुपर्दछ । साथै देहाय बमोजिम बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु.

क्र.स	विद्यालयको नाम	निकासा गरेको संख्या	भर्पाई संख्या	वढी निकासा
१	षोडशा देवी मा.वि	१११	८९	८८००
२	मालिका आ.वि. वडा नं १	१०४	९७	२८००
३	राधा मा.वि.	६४	६१	१२००
	जम्मा	२७९	२४७	१२८००

असुल गर्नुपर्ने	१२,८००

७७ **सरुवा शिक्षकको तलब भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमका अन्य जिल्लाका विद्यालयबाट यस पालिका अन्तर्गतका विद्यालयमा सरुवा भई आएका शिक्षकहरुलाई देहाय बमोजिम चौथो त्रैमासिकको रकम निकाशा गर्दा पुरै रकम निकाशा गरेको छ । पालिकाले आफू अन्तर्गतका शिक्षकहरु अन्य जिल्ला अन्तर्गतका विद्यालयमा सरुवा भई जाँदा रमाना हुने दिन सम्मको तलब भत्ता निकाशा गर्ने गरेको तर बाहिरबाट आएका शिक्षकहरुलाई रमाना भन्दा अघि देखिएको तलब भत्ता भुक्तानी गर्दा साविक विद्यालय

रहेको पालिकाबाट पनि चौथो त्रैमासिकको रकम निकासा भैसकेको रहेछ भने दोहोरो तलब भत्ता भुक्तानी हुनसक्ने देखिएकोले सम्बन्धित पालिकाबाट उक्त शिक्षकको नाममा चौथो त्रैमाशिकको रकम निकाशा नभएको पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स.	शिक्षकको नाम	रमाना भई आएको साविक विद्यालय र पालिका	हाल पदस्थापन भएको विद्यालय	सरुवा। रमाना मिति	भुक्तानी रकम
१	मा.वि.तृ.श्री मिना कुमारी सिजापति	भवानी मा.वि. सोरु गाउँपालिका मुगु	कालिका मा.वि.जुपु मंङ्गलसेन न.पा.११	२०८२। १।२८	१९०९२८
२	नि.मा.वि. तृतीय खगेन्द्र साउद	कैलाश मा.वि. जगन्नाथ गाउँपालिका, वाजुरा	कालिका मा.वि. जुपु मंङ्गलसेन न.पा.११	२०८२। २।५	१४३३८०
				जम्मा	३३४३०८

प्रमाण पेश नगरेको	३,३४,३०८

७८ **चाडपर्व खर्च**

शिक्षा सेवा नियमावली, २०५९ को नियम १०४ मा शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिना वरावरको रकम प्रत्येक वर्ष चाडपर्वको रुपमा पाउने उल्लेख छ । त्यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा कम्तिमा ६ महिना करार सेवामा काम गरेका शिक्षकलाई चाडपर्व खर्च उपलब्ध गराउने व्यवस्था छ । षोडशा माध्यामिक विद्यालयमा २०८१।६।१ मा नियुक्त भएका करार शिक्षक श्री पहल सिंह वोगटीलाई ६ महिना करार अवधी नपुगी भौचनर नं ७७।२०८१।९।२६ बाट दोस्रो त्रैमासिक निकाशा गर्दा चाडपर्व खर्च वापत रु ४८७३७।– निकासा गरेकोले उक्त रकम असुल गर्नपर्ने रु.

असुल गर्नुपर्ने	४८,७३७

७९ **आवासीय छात्रवृत्ति**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नंवर ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि आवासिय छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पालिकाले षोडशा देवी माध्यामिक विद्यालयमा अध्ययनरत अपाङ्गता भएका ११ जना विद्यार्थीका लागि रु.५०,०००।– का दरले रु.५,५०,०००।– आवासीय छात्रवृत्ति निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा भएको व्यवस्था अनुसार विद्यालयले उक्त छात्रवृत्ति रकमबाट लक्षित छात्र छात्रका लागि खाना तथा खाजा र आवास व्यवस्थापनमा खर्च गर्ने उल्लेख भएको तथा सो रकम मध्ये प्रति विद्यार्थी मासिक रु.५००।-का दरले १० महिनाको हुने रु.५०००।– सम्बन्धित छात्र छात्रालाई भरपाई गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा विद्यालयले नगदै उपलब्ध गराएको भरपाई पेश गरेको छैन । यस सम्बन्धमा पालिकाले अनुगमन गरी तोकिए बमोजिम उक्त रकम विद्यार्थीका लागि खर्च भए नभएको यकिन गर्नुपर्दछ । साथै, ११ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.५०००।– का दरले नगद उपलब्ध गराएको भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५५,०००

८० **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि दैनिक रु.१५ का दरले दिवा खाजा उपलब्ध गराउने उल्लेख गरेको छ । पालिकाले इमिस(EMIS) प्रतिवेदन २०८१ का आधारमा यस वर्ष वालविकास सहित विभिन्न ५९ विद्यालयलाई २ किस्तामा गरी रु.६८,६८,५९०।– निकासा गरेको छ । नमूना छनोटको आधारमा षोडशादेवि माध्यामिक विद्यालय, मंगला नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कालिका माध्यामिक विद्यालय मंगलसैन ११, शिव निवास आ.वि. र मालिका आ.वि. को दिवा खाजा निकासा परीक्षण गर्दा देहाय वमोजिमका ४ विद्यालयमा पालिकाले विद्यार्थीको प्रमाणित

हाजिरी व्यवस्थित रुपमा राखेको पाइएन । विद्यालयले पठाएको विद्यार्थीको हाजिरीको फोटोकपी नवुझिने गरी अक्षर तथा अंक मेटिएको, पुरै महिनाको हाजिरी समावेश नगरेको, विद्यालयले हाजिरी प्रमाणित नगरेको कारण दिवा खाजाका लागि पठाएको रकम विद्यार्थीको वास्तविक हाजिरीसँग भिडान हुन सकेन । तसर्थ अन्य विद्यालयमा निकाशा गरेको रकम सम्बन्धमा पनि पालिकाले थप यकिन गरी वास्तविक विद्यार्थी संख्या र हाजिरीसँग भिडान गरी वढी निकाशा भएको भए असुल गराउनु पर्दछ । साथै देहाय वमोजिमका विद्यालयलाई निकाशा गरेको रकमको सम्बन्धमा विद्यार्थी संख्या र बास्तविक हाजिरी संख्या पुस्टी हुने गरी प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स	विद्यालयको नाम	विद्यार्थीको हाजिरी दिन	निकासा रकम
१	षोडशा देवी माध्यामिक विद्यालय	२३१६४	३४७४६०
२	मंगला नेरा माध्यामिक विद्यालय	९८९३	१४८३९५
३	शिव निवास आधारभूत विद्यालय	२२०६९	३३१०३५
४	मालिका आधारभूत विद्यालय	७१७८	१०७६७०
		जम्मा	९३४५६०

प्रमाण पेश नगरेको	९,३४,५६०

८१ **प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । उक्त व्यस्था अनुसार स्थानीय तहले विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा आई.सि.टी.(ICT) व्यवस्थापनका लागि छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट रु. ६,५०,०००। का दरले अनुदान दिने व्यवस्था अनुरुप देहायका विद्यालयलाई अनुदान निकासा गरेको छ । कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटी स्पेशीफिकेशन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रिया पुरा गरी सामाग्री खरिद गर्न लगाउने र अनुदान प्राप्त गर्ने विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको नियमित अनुगमन गरी सो को प्रतिवेदन शिक्षा तथा मानवश्रोत केन्द्रमा पठाउनु पर्ने समेत उल्लेख छ । तर पालिकाले विद्यालयलाई दिएको अनुदान रकमको कार्यविधिमा तोके अनुरुप स्पेशीफिकेशन स्वीकृत गरेको, खरिद ऐन,नियम मापदण्ड अनुरुप खरिद कार्य गरेको देखिने प्रमाण कागजात, विल, भरपाई पेश भएको छैन । त्यसैगरी निर्धारित मापदण्ड प्रक्रिया अनुरुप कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन समेत तयार गरेको नदेखिएकोले कार्यविधिमा उल्लेख भए बमोजिम कार्य भएको प्रमाणित हुने खरीद विल भरपाई, फोटोहरु एवं अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
८१.१	कालिका माध्यामिक विद्यालय	६५,०००
८१.२	पार्वती माध्यामिक विद्यालय	६५,०००
८१.३	षोडशादेवी माध्यामिक विद्यालय	६५,०००

प्रमाण पेश नगरेको	१,९५,०००

८२ **प्राविधिक शिक्षा सञ्चालन अनुदान**

प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तह मर्मत अनुदान वितरण सम्बन्धी मापदण्ड, २०८० को दफा ४ (च) मा अनुदान रकम माग गर्ने शिक्षालयले अनुदान रकम माग गर्दा अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम बाँडफाँडको विवरण संलग्न गर्नुपर्ने, दफा ५ (ख) मा स्थानीय तहले योग्यता पुगेका शिक्षालयबाट पेश भएका कागजातका आधारमा अनुदान रकमको सदुपयोग हुने नहुने सुनिश्चित गर्नुपर्ने एवं दफा ६ (ख) मा अनुदान रकमको परिचालनका क्षेत्रवारे उल्लेख छ । पालिकाले प्राविधिक शिक्षा सञ्चालनका लागि षोडशादेवी माध्यामिक विद्यालयलाई रु.७०००००।– अनुदान निकासा गरेकोमा उक्त विद्यालयले कुन क्षेत्रमा खर्च गर्ने हो सोको प्रस्तावना र खर्च

गरेको विवरण पेश गरेको छैन । तसर्थ, मापदण्डले तोकेवमोजिमका कागजात पेश गर्नुपर्ने एवं पालिकाले उक्त अनुदान रकमको सहि सदुपयोग भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,००,०००

८३ **बढी भुक्तानी**

गो.भौ.नं.१९६।२०८२।३।४ शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ । उक्त व्यवस्था अनुसार कक्षा ११-१२ का विद्यार्थीका लागि प्रति विद्यार्थी रु.२५०।– का दरले अनुदान दिनुपर्ने उल्लेख छ ।नमूना छनौटका आधारमा परीक्षण गरिएका विद्यालय मध्ये देहाय वमोजिमका २ विद्यालयलाई EMIS प्रतिवेदनमा उल्लेख भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकासा गरेकोले उक्त बढी निकासा रकम असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	EMIS अनुसार विद्यार्थी संख्या	निकासा संख्या	निकासा दर	बढी निकासा
१	षोडशा देवी माध्यामिक विद्यालय	३०१	३७९	२५०	१९५००
२	अन्नपुर्ण माध्यामिक विद्यालय	९४	११४	२५०	५०००
				जम्मा	२४५००

असुल गर्नुपर्ने	२४,५००

८४ **शैक्षिक सामाग्री**

गो.भौ.नं.३२२।३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयमा शैक्षीक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत कक्षा-१ देखि ३ का विद्यार्थीका लागि थप शिकाई शैक्षिक सामाग्री १२६ थान छपाई वापत आर.आर. फोटोकपी कम्प्युटर डेक्सटप एण्ड छपाई सेन्टरलाई रु.३७१६९८ भुक्तानी गरेको छ । उक्त छपाई गरेका शिक्षण सामाग्री विद्यालयहरुलाई वितरण गरेका भरपाई पेश भएको छैन । तसर्थ कुन कुन विद्यालयलाई के कति सङ्ख्यामा शैक्षिक सामाग्री वितरण गरिएको हो वितरण भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,७१,६९८

८५ **औषधी खरिद**

भौचर नं १४३।२०८१।१२।२२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१क) मा सार्वजनिक निकायले पचास लाख रुपैयाँ सम्मको एक्सरे, इसिजी, औषधी जन्य मालसामान लगायतका सामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यामबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट विभिन्न ७९ प्रकारका औषधी खरिदका लागि रु.२३,८३,८६०।– को लागत अनुमान तयार गरी ३ वटा फर्मबाट खुला कोटेशन मार्फत दररेट माग गरी सवैभन्दा घटी कवोल गरी दररेट पेश गर्ने सुबिसु मेडिसिन सप्लायर्स काठमाण्डौंसँग रु.१५,२७,१२५।– मा विभिन्न ७९ प्रकारका औषधी खरिद गरेको छ। त्यसैगरी पालिकाले गाउँपालिका चालु तर्फको बजेटबाट विभिन्न ७१ प्रकारका औषधी खरिद गर्न रु.२४,९९,९१९।– को लागत अनुमान तयार गरी इविड गरेकोमा सबैभन्दा घटी कवोल गर्ने ग्लोलोव ड्रग्स सप्लायर्स धनगढीसँग २०८२।३।२३ मा सम्झौता गरी रु.११,४०,०७५.८० मा विभिन्न ७१ प्रकारका औषधी खरिद गरेको छ । पालिकाले आवश्यक औषधी तथा औषधी जन्य सामाग्री खरिद गर्दा आर्थिक वर्षको शुरुमा नै खरिद योजना बनाएर सशर्त तर्फको बजेट तथा पालिका चालु तर्फको बजेट दुबै मिलाएर सिलबन्दी

दरभाउपत्र वा बोलपत्रको माध्यामबाट खरिद गर्दा खरिद कार्य प्रतिस्पर्धात्क एवं मितव्ययी हुनेमा आर्थिक वर्षको तेस्रो त्रैमासिकमा संघ सशर्त तर्फको बजेट बाट खुला कोटेशन माग गरी खरिद गर्दा प्रतिस्पर्धात्मक र मितव्ययी भएको देखिएन । पालिकाले दुवै विधिबाट खरिद गरेका देहाय वमोजिमका मुख्य ९ आइटम औषधीको खरिद दरको तुलना स्थिति देहाय बमोजिम रहेको छः

क्र.सं	औषधीको नाम	खुला कोटेशनबाट खरिद गरेको			इविडबाट कायम भएको दर	इविडबाट खरीद गर्दा हुने रकम	कोटेशनवाट खरीद गर्दा वढी व्ययभार
		परीमाण	दर रु.	मूल्य रु.			
१.	एमोक्सिलिन ५०० एमजी	३००००	५.५०	१६५०००	३.५०	१०५०००	६००००
२.	भिटामिन वि कम्प्लेक्स ट्याबलेट	५००००	१.५०	७५०००	०.५५	२७५००	४७५००
३.	एम्लोडिपिन ५ एमजी	१७०००	३	५१०००	०.३५	५९५०	४५०५०
४.	रेनिटिडिन १५० एमजी	४००००	१.८०	७२०००	०.९०	३६०००	३६०००
५.	आश्वुब्रुफिन ४०० एमजी	३००००	१.९०	५७०००	०.८५	२५५००	३१५००
६.	हायोसाइन व्युटायल २० एमजी	५०००	१५	७५०००	४	२००००	५५०००
७.	पारासिटामोल ५०० एमजी	७५०००	०.९६	७२०००	०.६०	४५०००	२७०००
८.	एजिथ्रोमाइसिन ५०० एमजी	३०००	१७	५१०००	१०	३००००	२१०००
९.	जिङ्क सल्फेट २० एमजी	१००००	२.५०	२५०००	०.६०	६०००	१९०००
जम्मा							३४२०५०

उपर्युक्त तालिका अनुसार पालिकाले खुला कोटेशनबाट खरिद गरेका ७९ प्रकारमा औषधीमध्ये मुख्य ९ आइटमको इविडवाट खरिद सम्झौता गरेको दरसँग तुलना गर्दा इविड नगरी खुला कोटेशनबाट खरिद गर्दा ९ आइटममा मात्र पनि रु.३,४२,०५०।– बढी व्ययभार परेको देखिन्छ । तसर्थ पालिकाले यस किसिमको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी गर्नुपर्दछ ।

८६ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन भन्ने व्यवस्था गरेको छ । पालिकाले भौचर नं. १३७।२०८१। १२।२२ बाट देहाय बमोजिमका पदाधिकारीहरुलाई ऐनले तोकेको सुविधाका अतिरिक्त एच.पि.भि. खोप अभियान अन्तर्गत मिति २०८१ माघ २२ देखि २७ सम्म अनुगमन गरेको भनि अनुगमन भत्ता भुक्तानी गरेकोले ऐन विपरित भुक्तानी गरेको उक्त रकम असूल गर्नुपर्ने रु.

क्र.स.	पदाधिकारीको नाम	भुक्तानी रकम	करकट्टी पछिको बढी भुक्तानी
१	नगर प्रमुख पदम वहादुर वोहरा	३०००	२५५०
२	नगर उपप्रमुख संगीता रावल	४०००	३४००
३	वडा अध्यक्ष विर्ख वहादुर वोगटी	४०००	३४००
		जम्मा	९३५०

असुल गर्नुपर्ने	९,३५०

८७ **लगत कट्टा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ। कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्ने जानकारी दिई नगरपालिकाले लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीहरूको मृत्युपश्चात तथा बढी निकासा भएको सामाजिक सुरक्षा भत्ता असुल गर्नुपर्दछ रू

नाम	**नागरिकता नम्बर**	**वडा नम्बर**	**बढी निकासा भएको रकम**
जलु नाथ	६९३०४।४३९	१	११४६८
गंगा ढोली	१४६८	१	१८६२
पानसरा कामी	६९१०४७।१०३५	२	२०००
दिल देवी भाट	२२८६४	५	६२६१
नरे भाट	१।३४६८	५	१३३०
अमृता भाट	१।३७८३	५	६३९४
भक्ते लुहार	६९०४१९३	१०	१६८०८
कम्माने आउँजे	११३७३	१४	१२०००
		जम्मा	**५८१२३**

असुल गर्नुपर्ने	५८,१२३

८८ **लाभग्राही अद्यावधिक**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि बैङ्कबाट रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मंगलसेन नगरपालिका, अछाम , मंगलसेन नगरपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खकेन्द्र बहादुर सोडारी	२०७७-५-२५	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	गहेन्द्र बहादुर डाँगी	२०८१-०५-०४	
लेखा प्रमुख	विष्णु प्रसाद उपाध्याय	२०७६-१०-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८८७,५५६	१४,७८६,२८५	६,४७३,०६८	०	०	३२९,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२२,४७५,९०९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	१९,५५०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२२,४५६,३५९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४४४३१६७२.७५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४२०११४५८५.०८	चालु खर्च	४०९३८३२८२.५१
प्रदेश सरकारबाट अनुदान	२४९६५०४१	पूँजीगत खर्च	११८४६८१०७.३७
राजश्व बाँडफाँट	११७४३६६६२.१२	वित्तीय/अन्य व्यवस्था	२०१८९२१९२.६९
आन्तरिक आय	१३१९४४९६.७३		
अन्य आय	१६४६८२७३९.७८		
कुल आय	७४०३९३५२४.७१	कुल खर्च	७२९७४३५८२.५७
बाँकी मौज्दात		५५०८१६१४.८९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		११,७९,६१,२२१.२७	०	११,७९,६१,२२१.२७
१३०००	अनुदान		४०,५९,६९,९८४.०३	०	४०,५९,६९,९८४.०३
१४०००	अन्य राजस्व		८२,९५,७११.१९	०	८२,९५,७११.१९
१५०००	विविध प्राप्ति		१८,३५,४१६.००	०	१८,३५,४१६.००
क	कुल जम्मा प्राप्ति		५३,४०,६२,३३२.४९		५३,४०,६२,३३२.४९
३	चालु		४०,९३,८३,२८२.५१	०	४०,९३,८३,२८२.५१
२१०००	पारिश्रमिक / सुविधा		२४,६१,२७,२४९.९६	०	२४,६१,२७,२४९.९६
२२०००	मालसामान तथा सेवाको उपयोग		१०,१८,८२,३४६.७७	०	१०,१८,८२,३४६.७७
२५०००	सहायता (Subsidy)		५,३२,६३,२३८.७८	०	५,३२,६३,२३८.७८
२६०००	अनुदान		१,१०,०००.००	०	१,१०,०००.००
२७०००	सामाजिक सुरक्षा		७०,९३,०४७.००	०	७०,९३,०४७.००
२८०००	अन्य खर्च		९,०७,४००.००	०	९,०७,४००.००
४	पूंजीगत		११,८४,६८,१०७.३७	०	११,८४,६८,१०७.३७
३१११०	भवन तथा संरचना		४८,०८,३०९.२५	०	४८,०८,३०९.२५
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		८५,१९,५२१.१३	०	८५,१९,५२१.१३

३११३०	अन्य पूँजीगत खर्च		३,१४,०००.००	०	३,१४,०००.००
३११५०	सार्वजनिक निर्माण		९,६४,८९,५६६.८७	०	९,६४,८९,५६६.८७
३११६०	निर्मितसरचनाको सुधार खर्च		९४,४७०.००	०	९४,४७०.००
३११७०	पूँजीगत सुधार खर्च		८१,४२,२४०.१२	०	८१,४२,२४०.१२
३१४१०	जग्गाप्राप्ति खर्च		१,००,०००.००	०	१,००,०००.००
ख)	कुल जम्मा भुक्तानी		५२,७८,५१,३८९.८८		५२,७८,५१,३८९.८८
ग)	बचत /कमी (ग = क-ख)		६२,१०,९४२.६१		६२,१०,९४२.६१
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		१७,१२,१८३.९६		१७,१२,१८३.९६
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		७९,२३,१२६.५७		७९,२३,१२६.५७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,७१,४९,५८८.४२		४,७१,४९,५८८.४२
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५,५०,७२,७१४.९९		५,५०,७२,७१४.९९

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -४

भौ.नं. मिति	विवरण	फर्म।संस्थाको नाम	जम्मा भुक्तानी	जम्मा मु.अ.कर	३०% मु.अ.कर
३०३।०८२।३।२४	५ गोटा ल्यापटप खरिद (विजक नं. २७०।०८२।३।२०)	सिल्करोड इन्भेस्टमेन्ट एण्ड ट्रेडिङ्ग प्रा.लि. (६००३७४०२६)	४०४५४०	४६५४०	१३९६२

बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -५

भेरिएशन पश्चात परिमाण थपघट भएको बिबरण

आइटम नं.	कामको विवरण	शुरु परिमाण	भेरिएशन पश्चात परिमाण	खुद भएको कामको			फरक (भेरियसन पछिको परिमाणको आधारमा)		परिमाणमा फरक (%)
				परिमाण	दर	जम्मा	परिमाण	जम्मा	
B	**Civil Works**								
1	Roadway Excavation in Ordinary soils	१८००	४०१२	४२७८	१८०	७७०११३	-२६६	४७८८०	९%
3	Stone Soling Work	५५१	७१०	५४९	४०००	२१९६५१४	१६०	६४००००	-२२%
4	PCC Works (1:2:4)	१९३	१६२	१५१	१६०००	२४१६७१२	११	१७६०००	-७%
5	Reinforcement Works	३५११९८	२४६१४	२३७६२	१५०	३५६४३२१	८५२	१२७८००	-३%
6	1:11/2:3 P.C.C. work	२२५	२०१	२१०	१६०००	३३७५६३९	-९	१४४०००	५%
7	Plum concrete	१२१६	१४७१	१४६५	१०५००	१५३९०३०१	६	६३०००	०%
8	Form Work	१८२८	२९१४	३४७९	४५०	१५६५५९७	-५६४	२५३८००	१३%
9	10 PN/110 mm PVC pipe	३९०	२८६	२२२	३००	६६७५९	-३५	५०४४२	१९%
13	Clearing and grubbing road	३५२	४८७५	४८९३	१५०	७३३९६८	-१८	२७००	१%
14	Compacting original ground	१०५७	७३१	७३३	२००	१४६७९३	-२	४००	१%
15	Natural sand gravel subbase	१०५७	७३१	६८७	१८००	१२३८०६२	४४	७३२००	-६%
16	Base Work: Crusher Run Macadam	६७५	६४३	६८७	४५००	३०९५१५७	-४४	१३८०००	९%
17	Prime Coat	४०५०	३८६१	४१२	३००	१२३८०६२	-२६५	७९५००	९%
18	Supplying and applying 1st coat and 2nd coat of Bitumen Binder	९९००	९४३८	१००८७	३००	३०२६३७६	-६४९	१३४७००	९%
19	Surface Dressing MECHANICAL MEANS, 19 mm nominal chipping size	४५००	४२९०	४५८५	३००	१३७५६२५	-२९५	८८५००	१%
20	Surface Dressing MECHANICAL MEANS, 10 mm nominal size chipping	४५००	४२९०	४५८५	२५०	११४६३५५	-२९५	७३७५०	९%
21	Anti- Stripping agent	४९५	४७१	५०४	१८००	९०४९१२	-३२	५७६००	८%
22	Bitumen Cutter	४९५	४७१	५०४	४००	२०१७५८	-३२	१२८००	८%
	जम्मा							**१०८००००**	**घट**
								१०३३६३०	**बढ**
								४६३७०	**घट**

भेरिएशन पश्चात परिमाण बढेको बिबरण

आईटम नं.	कामको विवरण	शुरु परिमाण	भेरिएशन पश्चात परिमाण	खुद भएको कामको			फरक (भेरियसन पछिको परिमाणको आधारमा)		परिमाणमा फरक (%)
				परिमाण	दर	जम्मा	परिमाण	जम्मा	
B	**Civil Works**								
1	Roadway Excavation in Ordinary soils	१८००	४०१२	४२७८	१८०	७७०११३	-२६६	४७८८०	९%
6	1:11/2:3 P.C.C. work	२२५	२०१	२१०	१६०००	३३७५६३९	-९	१४४०००	५%
8	Form Work	१८२८	२९१४	३४७९	४५०	१५६५५९७	-५६४	२५३८००	१३%
13	Clearing and grubbing road	३५२	४८७५	४८९३	१५०	७३३९६८	-१८	२७००	१%
14	Compacting original ground	१०५७	७३१	७३३	२००	१४६७९३	-२	४००	१%
16	Base Work: Crusher Run Macadam	६७५	६४३	६८७	४५००	३०९५११५७	-४४	१३८०००	९%
17	Prime Coat	४०५०	३८६१	४१२	३००	१२३८०६२	-२६५	७९५००	९%
18	Supplying and applying 1st coat and 2nd coat of Bitumen Binder	९९००	९४३८	१००८७	३००	३०२६३७६	-६४९	१३४७००	९%
19	Surface Dressing MECHANICAL MEANS, 19 mm nominal chipping size	४५००	४२९०	४५८५	३००	१३७५६२५	-२९५	८८५००	१%
20	Surface Dressing MECHANICAL MEANS, 10 mm nominal size chipping	४५००	४२९०	४५८५	२५०	११४६३५५	-२९५	७३७५०	९%
21	Anti- Stripping agent	४९५	४७१	५०४	१८००	९०४९१२	-३२	५७६००	८%
22	Bitumen Cutter	४९५	४७१	५०४	४००	२०१७५८	-३२	१२८००	८%
	जम्मा							**१०३३६३०**	

ठेक्का नं.	निर्माण ब्यबसायीको नाम	भुक्तानी रकम	बिमा भुक्तानी	बिमा गरेको मिति	बिमाको अवधि	बिमा प्रिमियम बुझाएको रकम	बिमा बढी भुक्तानी	कैफियत
१।०८०।८१		४८२८००२	०	०	०	०		बि.ओ.क्यू.मा बिमा प्राबधान गरेकोमा बिमा नगरेको
१।०८१।०८२	जमुना निर्माण सेवा	५६९६१०२	३६०००	०८२।३।१५	०८२।४।१५	३६०००	०	बिमा मिति ०८१।१२।२५ देखि गर्नुपर्नेमा निर्माण काम सम्पन्न मिति ०८२।३।१५ पश्चात मात्र गरेको
३।०८१।८२	जमुना निर्माण व्यवसायी अछाम	२५१८५७८		०८२।३।१५	०८२।७।२५	३१९३३	०	बिमा मिति ०८१।८।२० देखि गर्नुपर्नेमा निर्माण काम सम्पन्न मिति ०८२।३।१५ पश्चात मात्र गरेको
२।०८१।८२	ए.एन.डि.कन्स्ट्रक्सन ग्रुप	६४९४८०१	३५०००	०८१।६।२०	०८१।१२।२५	२९६९०	५३१०	सामूहिक दुर्घटनाको बिमा नगरेको
४।०७९।८०	स्वेता।कौशिक जे.भि.काठमाडौं	५०१४६८४०	१०००००	०८०।३।२४	०८१।२।१५	१४५४७०	०	बिमा मिति ०७९।१०।४ देखि गर्नुपर्नेमा समयमै नगरी मिति ०८०।३।२४ बाट गरेको,म्याद थपको बिमा नगरेको र सामूहिक दुर्घटनाको बिमा नगरेको
४।०८१।८२	नविन निर्माण सेवा	५४१०५३६	०	०	०	०	०	बि.ओ.क्यू.मा बिमा प्राबधान भएपनि बिमा नगरेको
६।०८१।८२	शुभ ग्रुपकाल भैरव कन्स्ट्रक्सन	१४७५९५०	०	०	०	०	०	बि.ओ.क्यू.मा बिमा प्राबधान भएपनि बिमा नगरेको
जम्मा							५३१०	

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -७

क. षोडशा देवी माध्यामिक विद्यालय

कक्षा	EMIS मा भएको विद्यार्थी संख्या	पाठ्यपुस्तका लागि निकासा संख्या	वढी संख्या	दर	वढी भुक्तानी
१	२२	२७	५	५२०.८	२६०४
४	१७	४७	३०	५९६.२०	२८०२१
६	८८	१०७	१९	७०७.३०	१३४३९
७	११०	१२२	१२	७४८	८९७६
८	१२१	२४८	१२७	८८२.२	११२०३९
१०	१३७	१८४	४७	९२४	४३४२८
जम्मा	**४९५**	**८०९**	**२४०**		**२०८५०७**

ख. मंगला नेपाल राष्ट्रिय माध्यामिक विद्यालय

कक्षा	EMIS मा भएको विद्यार्थी संख्या	पाठ्यपुस्तका लागि निकासा संख्या	वढी संख्या	दर	वढी भुक्तानी
१	५	२३	१८	५२०.८	९३७४
५	१८	३१	१३	६३३.६०	८२३७
७	३३	३९	६	७०७.३०	४२४४
८	४०	५९	१९	८८२.२	१६७६२
१०	५६	१२१	६५	९२४	६००६०
१२	६८	८१	१३	३१६	४१०८
जम्मा	**२२०**	**३५४**	**१३४**		**१०२७८५**

ग. राधा माध्यामिक विद्यालय

कक्षा	EMIS मा भएको विद्यार्थी संख्या	पाठ्यपुस्तका लागि निकासा संख्या	वढी संख्या	दर	वढी भुक्तानी
१	१२	३२	२०	५२०.८०	१०४१६
५	१३	२०	७	६३३.६०	४४३५
६	२६	३९	१३	७०७.३	९१९५
८	३७	४९	१२	८८२.२	१०५८६
जम्मा	**८८**	**१४०**	**५२**		**३४६३२**
कुल जम्मा					**३४५९२४**

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।